# अध्याय तीन

# ३ गद्याख्यानको स्वरूपगत परिचय र लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्परामा इन्द्रबहादुर राई

## ३.१ गद्याख्यानको स्वरूपगत परिचय

गद्याख्यान गद्य र आख्यान दुईवटा शब्द मिलेर बनेको सामासिक पद हो। सामान्यतः बहत् गद्याख्यानलाई उपन्यास र लघु गद्याख्यानलाई कथा भन्ने परम्परित धारणा चलिआएको भए पनि दुवैका मूलस्वर आख्यानात्मक हुने हुनाले र दुवैका गद्यात्मक शैली रहने हुनाले कथा र उपन्यासलाई वर्तमानमा गद्याख्यान भनिन्छ। यसो हुनाले वर्तमानमा कथा र उपन्यासको समन्वित स्वरूपलाई गद्याख्यान शब्दद्वारा अभिहित गरिएको पाइन्छ। पाश्चात्य समीक्षाशास्त्रमा कथा र उपन्यास दुवैलाई 'फिक्‌श्‌अन्' भनिन्छ। दुवै गद्यशैलीमा लेखिने चर्चित गद्याख्यानात्मक इतिवृत्त हुन्। नेपाली गद्याख्यानको स्वरूप-संरचनाका बारेमा निम्नानुसार उपशीर्षकमा राखेर चर्चा गरिएको छ।

### ३.१.१ गद्यको परिचय

गद्य संस्कृत शब्द हो। छन्द र लयको बन्धनमा नबाँधी पदबन्दविहीन भाव, भाषा र रसको परिपाक हुने पद्यको विपरीत भेदलाई गद्य भनिन्छ। भाषाको गद्य र पद्य दुई रूपमध्ये मानवको सहज एवम् स्वाभाविक बोलचालको माध्यम नै गद्य हो। **नेपाली बृहत् शब्दकोश** मा यसलाई छन्द र लयको औपचारिक बन्धनमा आधारित नभएको काव्य वा साहित्यका संरचनात्मक शिल्प तथा शैलीविशेषका आधारमा विभाजित एक भेद[१] भनी परिभाषित गरिएको छ। व्युत्पत्तिअनुसार 'गदव्यक्तायांवाचि' भन्ने 'गद' धातुबाट बनेको गद्य शब्दले छन्दोबद्ध नभएको केवल वाक्यलाई बुझाउँछ भनी **साहित्य-प्रदीप** मा सिग्द्यालले उल्लेख गरेका छन्।[२] यसै गरी घनश्याम नेपालले कविताको ज्ञातव्य तत्त्वविपरीत शब्द योजना र प्रबन्धगत संशक्तियुक्त तत्त्व

[१] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ ३०५

[२] सोमनाथ सिग्द्याल, वि सं २०५८, **साहित्य-प्रदीप**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, पृ ९३

हुने प्रत्ययमूलक भाषिक अभिव्यञ्जनालाई गद्य भनेका छन्।[३] शरद्चन्द्र शर्मा र घटराज भट्टराईले भाषिक व्यवहारको माध्यमलाई गद्य मानेका छन्।[४] डेभिड लजका अनुसार बोलीचालीको भाषाका रूपमा कथ्यलाई सजिलोसँग टिपिन सकिने खुकुलो र यथार्थ, तार्किक एवम् वर्णनात्मक अभिव्यक्ति नै गद्य हो।[५]

प्राचीन कालमा गद्य शब्दलाई 'यजुष्' भनिएको पाइन्छ अर्थात् वैदिक वाङ्मयमा छन्दोबद्ध नभएको यजुलाई नै गद्य भनिएको छ। पूर्वमा गद्य शब्दको प्रथम प्रयोग वैदिक कालमा भएको मानिन्छ। गद्यको प्रथम स्वरूप **यजुर्वेद** का संहिताहरूमा उपलब्ध भेटिन्छन्। **संहिता**, **ब्राह्मण**, **आरण्यक**, **उपनिषद्** आदि दार्शनिक सिद्धान्तका ग्रन्थहरू गद्यमा नै लेखिएका छन्। कौटिल्य (इ पू ३७५-२८३)-को **अर्थशास्त्र**, महर्षि चरक (प्रायः २००० वर्षपूर्व?)-को इस्वी चौथो शताब्दीदेखि दोस्रो शताब्दीको मध्यमा लेखिएको भनिएको **चरकसंहिता**, पतञ्जलि (इ पू दोस्रो शताब्दी)-को **महाभाष्य**, शबर स्वामी (इस्वी दोस्रो वा चौथो शताब्दी?)-को **शबर भाष्य** र आदिगुरु शंकराचार्य (इ ७८८-८२०)-को **वेदान्त दर्शन** आदि उत्कृष्ट शास्त्रीय गद्यका स्वरूप हुन् भने शिलालेख, ताम्रपत्र, कनकपत्र, प्रशस्तिपत्र, कथा, आख्यायिका र चम्पू सबै विधा गद्यशैलीका नमुनाहरू हुन्।

पाश्चात्य साहित्यमा एरिस्टोटलले काव्यलाई पद्य र गद्य भनी दुई भागमा छुट्याएको पाइन्छ। यसो गर्ने क्रममा उनले छन्दयुक्त वा समस्वरता भएको र नृत्योपयोगी गेयात्मक रचनालाई पद्य भनेका छन् भने छन्द नभएको वा लयरहित रचनालाई गद्य भनेका छन्।[६] भानुभक्त पोखरेलले उद्धृत गरेको कलरिजको भनाइअनुसार गद्यको उल्टो स्वरूप कविता होइन, छन्द हो; कविताको उल्टो स्वरूप पद्य होइन विज्ञान हो।[७] तारानाथ शर्माले पद्यमा पराधीनता हुन्छ; छन्द र नियमको निरङ्कुशता हुन्छ तर गद्यमा नियम हुँदैन; छन्द हुँदैन र कसैको निरङ्कुश आधिपत्य हुँदैन भनी जानकारी दिएका छन्।[८]

भानुभक्त पोखरेलको भनाइ के देखिन्छ भने, गद्यको तिक्खर तथा सशक्त रूप निबन्ध र प्रबन्ध हो तर यसले शक्ति र चमत्कृति भने देखाउन सक्दैन। यसो भए पनि इन्द्रबहादुर राईले गद्यको उत्कृष्ट रूप निबन्धमै देखिन्छ भनी गद्यमा कोमलता र काव्यात्मकता रसिएको हुन्छ। यसैले गद्यमा 'इरिस्टिकल' तत्त्व

---

[३] घनश्याम नेपाल, सन् २००९, **शैलीविज्ञान**, दोस्रो संस्करण, सिलगडी, एकता बुक्स हाउस् प्रा लि, पृ १२३

[४] शरद्चन्द्र शर्मा भट्टराई र अन्य (सम्पा), सन् २००४, **प्राचीन नेपाली गद्य**, तेस्रो संस्करण,ललितपुर, साझा प्रकाशन,पृ ३

[५] डेभिड लज, सन् १९९६, **लायङ्ग्विज् ॲभ् फिक्शअन्**, लऽन्डन, रूटलेज आयन्ड् केगन पॅःअ, पृ १२

[६] लक्ष्मणप्रसाद गौतम, वि सं २०६९, **कविताको सैद्धान्तिक विमर्श**, काठमाडौं, पाठ्य सामग्री पसल, पृ ६०

[७] भानुभक्त पोखरेल, वि सं २०३५, **साहित्यिक अनुशीलन**, ललितपुर, साझा प्रकाशन, पृ ४२

[८] तारानाथ शर्मा, वि सं २०३७, **घोत्ल्याइँहरू**, दोस्रो संस्करण, दार्जिलिङ, ने सा सं, पृ ९-१०

धेरै हुन्छ भनी उल्लेख गरेका छन्।[९] गद्यलाई काव्य वा साहित्यका संरचनात्मक शिल्प तथा शैली विशेषका आधारमा विभाजित भेद भनी **नेपाली बृहत् शब्दकोश** मा उद्धृत गरिएको छ।[१०] गद्यमा छन्द नभए पनि यसमा लयको निर्वाह भएको हुन्छ भन्ने देखिन्छ। सोमनाथ सिग्द्यालले गद्यलाई लयानुभूतिको वाणी भनेका छन्। लयकै माध्यमबाट गद्यकारले आफ्ना व्यक्तित्वको उद्घाटन गर्छन् भन्ने तिनको धारणा छ।[११] महाकवि देवकोटाले निबन्धलाई 'पोथी गद्य' भनेर गद्यको लयात्मक स्वरूपबारे दर्साउने काम गरेको देखिन्छ। वामनले 'गद्यं कवीनां निकषं वदन्ति' भनी गद्यको आदर्शलाई प्रशंसा गरेका छन्। पद्यको तुलनामा गद्य स्वाभाविक, सरल, बन्धनमुक्त, विचलनयुक्त, खुकुलो, विकासशील, जीवन्त, तार्किक र सार्वजनिक हुन्छ। गद्यमा नयाँ, पुराना, कठोर, लचिला सबै प्रकारको शब्द पचाउने अद्भूत क्षमता हुन्छ। यसो हुँदा विश्वभरि नै आख्यान लेखन अधिकतर गद्यमा नै हुने गरेको पाइन्छ। गद्य सूचनात्मक एवम् प्रत्ययमूलक हुनाले गद्यमा जस्तोसुकै विचारलाई प्रस्तुत गर्न सकिन्छ।

### ३.१.२ आख्यानको परिचय

गद्यसँग गाँसिएर आउने आख्यान तत्सम पुलिङ्गी शब्द हो। संस्कृतको 'ख्या' धातुमा 'आ' उपसर्ग र 'अन' प्रत्यय लागेर आख्यान शब्द बनेको देखिन्छ। घनश्याम नेपालका अनुसार **आख्यानका कुरा** मा अङ्ग्रेजी 'फिक्‌श्‌अन्' शब्दको नेपाली रूपान्तरण आख्यान हो। 'फिक्‌श्‌अन्' लायटिन् भाषाको 'फिक्तिओ'-बाट विकसित भएको शब्द हो जसको व्युत्पत्तिगत अर्थ बनाउनु, आविष्कार गर्नु, स्वाङ पार्नु वा ढोँग रच्नु हुन्छ' भनी लेखेका छन्।[१२] **हिन्दी साहित्य कोश** १ मा 'आख्यायते अनेनेति आख्यानम्' अर्थात् जसको बारेमा केही भनिन्छ त्यो आख्यान हो भनी परिभाषित गरिएको छ।[१३] आख्यानलाई विभिन्न रूपमा अर्थ्याउने गरेको भेटिन्छ। कथा, किस्सा तथा विभिन्न घटनाहरूको लम्बेतान विवरण हुने उपन्यासको एक भेद, लघु अथवा विशद कथात्मक खण्ड हुने कुनै पनि गद्य वा पद्य अथवा चम्पू काव्यलाई आख्यान

---

[९] इन्द्रबहादुर राई, **टिपेका टिप्पणीहरू**, पूर्ववत्, पृ ८४

[१०] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली बृहत् शब्दकोश,** पूर्ववत्, पृ ३०५

[११] सोमनाथ सिग्द्याल, **साहित्य-प्रदीप**, पूर्ववत्, पृ ९४

[१२] घनश्याम नेपाल, सन् २००५, **आख्यानका कुरा**, दोस्रो संस्करण, सिलगडी, एकता बुक्स हाउस्, प्रा लि, पृ १७

[१३] धीरेन्द्र बर्मा र अन्य (सम्पा), सं २०२०, **हिन्दी साहित्य कोश**, भाग १,दोस्रो संस्करण, वाराणसी, ज्ञानमण्डल लिमिटिड्, पृ ९६

भन्न सकिन्छ भन्ने **नेपाली साहित्यकोश** मा जानकारी पाइन्छ।[१४] **प्रयोगात्मक शब्दकोश** अनुसार काल्पनिक घटना वा चरित्र आदिको वृत्तान्त वर्णन भएको साहित्यिक रचना कथा र उपन्यासलाई आख्यान भनिन्छ।[१५]

मोहनराज शर्माका भनाइमा आख्यानले सङ्कथनका रूपमा कम्तीमा दुईवटा यथार्थ वा कल्पित घटना र स्थितिहरूको कालक्रमिक वर्णन गर्दै भाषिक सम्प्रेषणद्वारा सामाजिक (आर्थिक, राजनीतिक वा सांस्कृतिक) सन्देश प्रदान गर्छ।[१६] घनश्याम नेपालका अनुसार काव्य, निबन्ध, नाटक, उपन्यास, कथा विभिन्न किसिमका गद्यमय सङ्कथनहरूमा पाइने सार्वभौम, सम्भावित यथार्थ रहने कल्पित घटनाहरूको शृङ्खलाबद्ध इतिवृत्त आख्यान हो।[१७]

आख्यान आर्य युगमा प्रचलनमा आएको शब्द हो। वेदमा अनेक आख्यानात्मक सूक्ति संरचित पाइन्छन्। तापनि वेदमा आख्यान शब्दको प्रयोग नभएको जानकारी भेटिन्छ। यसो भए पनि वैदिक आख्यान र संस्कृत भाषाको लक्षण ग्रन्थहरूमा आख्यानलाई विशेष अर्थ र स्थान दिएको भने पाइन्छ। **ऋग्वेद** (मण्डल१, २४।२५)-मा 'शुनःशैपकोकथा'-लाई 'ऐतरेयब्राह्मण' (७।३)-मा 'राजा हरिशचन्द्रको कथा' सित मिसाएर व्यापक बनाइएको उदाहरण भेटिन्छ भने वैदिक युगमा यज्ञ तथा होमादि गर्दा गरुड आख्यान सुनाउने परम्पराको उल्लेख पाइन्छ। आख्यान सुनाउने ज्ञातालाई **शतपथब्राह्मण** (३.६.२.७)-मा 'आख्यानविद्' भनिएको छ। यसैले 'शुनःशैपकोकथा', 'राजा हरिशचन्द्रको कथा', 'दध्यङ्ग अथर्वणको आख्यान', 'लौपामुद्रा-अगस्त्य', 'पुरूवा-उर्वशी', 'सरमा-पणि' आदि वैदिक आख्यानात्मक वाङ्मयहरू हुन्।

भारतीय साहित्यशास्त्रमा एउटा पारिभाषिक शब्दका रूपमा आख्यान शब्दको प्रयोग परम्परा इस्वी सातौं शताब्दीबाट सुरु भएको मानिन्छ। भामहले गद्यकाव्यलाई कथा र आख्यायिका गरी दुई भेद देखाएर दुवैका भिन्नता पनि केलाउँदै कथा र आख्यायिकालाई छन्दमा नबाँधिएको, मङ्गलाचरण निर्वाह गरेर लेखिने लयात्मक इतिवृत्त भनेर चिनाएका छन्। दण्डीले आख्यान, खण्डकथा, परिकथा सबै

---

[१४] ईश्वर बराल र अन्य, वि सं २०५५, **नेपाली साहित्यकोश**, काठमाडौं, ने रा प्र प्र, पृ ७४

[१५] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई (सम्पा) वि सं २०६६, **प्रयोगात्मक शब्दकोश**, तेस्रो संस्करण, काठमाडौं, विद्यार्थी प्रकाशन, प्रा लि, पृ ७१

[१६] मोहनराज शर्मा, शरद्-शिशिर २००१-२, 'समकालीन नेपाली गद्याख्यान-अध्ययन आधार एवं पद्धति', मोहन पी दाहाल र अन्य (सम्पा), **नेपाली जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ, बिष्ट पब्लिकेइश्अन्स् प्रा लि, पृ ३

[१७] घनश्याम नेपाल, **आख्यानका कुरा**, पूर्ववत्, पृ २२-२३

आख्यायिकामा अन्तर्भुक्त हुने धारणा व्यक्त गरेको पाइन्छ भने विश्वनाथले गद्यलाई मुक्तक, वृत्तगन्धि, उत्कलिका, चूर्णक गरी चार भागमा बाँडी 'अस्मिन्नार्षेपुनः सर्गाभवन्त्याख्यानसंज्ञका' भनी आर्ष महाकाव्यमा सर्गलाई आख्यान भनेको पाइन्छ। पतञ्जलिले कल्पना, उपदेश, नीतिचेतना र व्यक्तिगत जीवनका घटनाहरू समावेश हुने कथानकलाई आख्यान भनेको पाइन्छ। यसरी हेर्दा भारतीय साहित्यशास्त्रमा विगत डेढ सहस्राब्दीदेखि आख्यान एउटा पारिभाषिक शब्द र साहित्यिक कोटिका रूपमा चलिआएको कुरो घनश्याम नेपालले गरेका छन्।[१८]

वर्तमानमा कथा र उपन्यासका निम्ति मात्र आख्यान शब्दको प्रयोग भए पनि प्रबन्धकाव्य र नाटकमा समेत आख्यानात्मक प्रस्तुति भएको हुन्छ। काव्यका तीनवटा उपभेदमध्ये एउटा भेद प्रबन्धकाव्य हो। यसभित्र महाकाव्य, खण्डकाव्य र लामा कविता पर्छन्, जसलाई आख्यानात्मक कविता पनि भन्ने गरिएको छ। लक्ष्मणप्रसाद गौतमका अनुसार आख्यान वा कथाको बुनोट भएको कविता आख्यानात्मक कविता हो। आख्यानात्मक कविताको मुख्य तत्त्व कथानकलाई मानिन्छ। यसैले आख्यानात्मक कवितामा विविध विषयवस्तुलाई अँगालिने हुँदा वर्णनात्मक पद्धतिद्वारा अवलम्बन गरिएको हुन्छ र परिवेशको विस्तृत वर्णन भएको हुन्छ।[१९] आख्यानात्मक कविताको कथानक शृङ्खला आदि, मध्य र अन्त्यको क्रमिक विकासले कवितालाई आख्यानात्मक संरचना प्रदान गर्छ। यसैले आख्यान र कवितामा विशिष्ट सम्बन्ध रहेको हुन्छ। यसैले पद्यमय रचनाहरूमा पनि आख्यानको प्रस्तुति भएको हुन्छ भन्ने प्रस्ट हुन्छ। नेपाली साहित्यमा **रामायण**, **महाभारत**, **पुराण** यसका उदाहरण हुन्। **नल दमयन्ती**, **तोता मैना**, **लाल हीरा**, **गुलाबकावली**, **बहत्तरसुगा**, **वीरसिक्का** आदि कथा र उपन्यास तथा तिनका अवान्तर भेदविशेष भए पनि यी रचनाहरू पाश्चात्य साहित्यको मध्ययुगतिर अधिक प्रचलनमा रहेका खलाख्यान र रम्याख्यानहरू हुन् भन्ने मानिएको छ। आधुनिक युगमा अन्य भारतीय साहित्यमा जस्तै नेपाली साहित्यमा आख्यान शब्दको प्रयोग जुन प्रकारले भएको छ त्यसको सम्बन्ध प्राचीन भारतीय परम्परामा गद्य साहित्यका विशिष्ट भेद मानिने आख्यान वा आख्यायिका, कथा आदिसँग नजिक देखिए तापनि स्वरूप सङ्गठनका दृष्टिले आधुनिक भारतीय साहित्यमा प्रचलित आख्यान शब्द अङ्ग्रेजी फिक्श्अन्कै पर्यायका रूपमा व्यवहार

---

[१८] घनश्याम नेपाल, **आख्यानका कुरा**, पूर्ववत्, पृ २१

[१९] लक्ष्मणप्रसाद गौतम, **कविताको सैद्धान्तिक विमर्श**, पूर्ववत्, पृ ७४

भएको देखिन्छ भन्ने योगेश पन्तले लेखेका छन्।[२०]

पछिल्लो समयमा आख्यान शब्दको अघि ‘अधि’ वा ‘परा’ -जस्ता उपसर्ग गाँसेर अधिआख्यान वा पराख्यानको रचना हुन थालेको छ। नेत्र एटमका विचारमा आख्यानका आधारमा खडा भएको भए पनि अधिआख्यान  दिवास्वप्न तन्द्रा, भ्रम, गणितीय र परम्परा विपरीत, यथार्थ विरोधी, व्यक्तिमुखी, लेखक नै वास्तविक चरित्रका रूपमा उपस्थित हुने रचनाप्रक्रिया हो। यसो भए पनि अधिआख्यान वास्तवमा आख्यानका बारेमा वा आख्यान रचनाप्रक्रियाका सम्बन्धमा रचिएको आख्यान नै हो। अधिआख्यान पढ्दा पाठकलाई आफू आख्यानमा वर्णित वास्तविक संसारमै पो छु कि भन्ने भ्रम हुन्छ। शाब्दिक रूपमा हेर्दा पनि ‘meta’ शब्दले ‘पर’ वा ‘टाढा’ भन्ने अर्थ नै दिन्छ, जसले गर्दा ‘metafiction’ -को अर्थ आख्यानको दुनियाँभन्दा परको रचना हुन आउँछ।[२१] फ्रान्सेली उपन्यासकार जोन बार्थको **लास्ट् इन द फलहाउस**, रबर्ट कोभरको **द बेइबि सिस्टर्**, विलियम एच् गासको **विली मास्टर् लोनसोम वाइफ** र नेपाली उपन्यासकार कृष्ण गौतमको **अलिखित**, कृष्ण धरावासीको **राधा**, नारायण ढकालको **प्रेत कल्प**, विन्द्या सुब्बाको **अथाह**, भवानी भिक्षुको **गुनकेशरी** कथा आदि अधिआख्यानपरक रचनाहरू हुन्। यसरी आख्यान शब्द विविध परम्परालाई समेटेर विकसित भएको देखिन्छ।

### ३.१.३ कथा र उपन्यासका साम्य-वैषम्य

कथा र उपन्यासका साम्य-वैषम्यलाई निम्नलिखित बुँदाहरूमा प्रकाश पार्न सकिन्छ-

- कथा भनेको निश्चित प्रकारको संरचनामा सङ्गठित र निश्चित आयतनभरिको समय र स्थानभित्र आधारित भावाभिव्यक्तिको अभिव्यञ्जक सामान्य आख्यानात्मक गद्यरूपलाई भनिन्छ भने उपन्यास व्यापक आयतनभरिको समय र स्थानमा आधारित बहुविध संरचनात्मक एकाइद्वारा पूर्वापर शृङ्खलाबद्ध रही निश्चित मूल्य प्राप्त गरेको कलासौन्दर्ययुक्त कथात्मक गद्यरूपलाई भनिन्छ।
- छोटो लेख्दा कथा र लामो लेख्दा उपन्यास हुँदैन। कथालाई लम्ब्याएर उपन्यास बनाउन सकिँदैन। कथा र उपन्यासका तात्त्विक अन्तरहरूले गर्दा दुवैलाई स्वतन्त्र र पृथक् विधा मानिन्छ। समान्तर

[२०] योगेश पन्त, **लोकप्रिय आख्यान**, पूर्ववत्, पृ ७५

[२१] नेत्र एटम,  वि सं २०६७, **नेपाली डायस्पोरा र अन्य समालोचना**, काठमाडौं, एकता बुक्स, पृ ५१

गुणका दृष्टिले कथा र उपन्यास गद्यात्मक हुन्छ। राजेन्द्र सुवेदीले दुवैमा वस्तुविन्यास, कथानक, घटना, वातावरण, विचार, कुतूहलता, कथोपकथनको प्रयोग गर्न सकिन्छ भन्ने विचार दिएका छन्।[२२]

- कथा र उपन्यास दुवै आख्यानात्मक विधा हुन्। पात्रको जीवनकाल, जीवनसादृश्य, विश्वसनीय यथार्थ घटना र मनोदशाको प्रदर्शनले गर्दा समानताका लक्षणहरू प्रशस्त भेटिन्छन् तर उपन्यासमा जीवनको समग्र प्रदर्शन रहने र कथामा सानो झल्को मात्र आउने हुनाले उपकरणमा मात्रात्मक सीमा रहन्छ। त्यसैले कथा र उपन्यासमा समानताको साटो असमानता धेरै पाइन्छन्।
- उपन्यास विधा कथाको तुलनामा बृहत् आख्यान हो। यसमा जीवनजगत्का समग्र चित्र उतारिएको हुन्छ। यसैले उपन्यासले जीवनका समग्र घटनाहरूको चित्र उतार्ने भएकाले उपन्यासलाई मात्र आख्यान भन्न सकिन्छ भन्ने विचार एम एच अब्राहमको रहेको छ।[२३] त्यस्तै कृष्णहरि बराल र नेत्र एटमका अनुसार कथा आख्यान विधा भए पनि यसमा लघु रूप र अकथाको सम्भावना तुलनात्मक रूपमा बढी रहने हुँदा उपन्यास मात्र खास आख्यान हुन्।[२४]
- उपन्यासको तुलनामा कथामा वस्तु तथा घटनाको सीमीत प्रयोग हुन्छ। पात्र प्रयोगका दृष्टिले पनि कथा र उपन्यासमा मौलिक अन्तर देखा पर्छ। कथा कम्तिमा एउटा अथवा थोरै पात्र हुने क्षणभरको नाटकीय अभिव्यक्ति हो। उपन्यास बहुल र असीमीत पात्र हुने सार्वभौम भावात्मक अभिव्यक्ति हो।
- कथानकलाई उपन्यासको मेरु मानिन्छ तर प्रयोगवादी कथामा कथानकको प्रयोग अनिवार्य मानिँदैन। कथा एक बसाइमा पढिसिद्याउने लघु आकारका साथै एउटा वाक्यमा टुङ्ग्याइएको छोटो पनि हुन सक्छ तर अपवादस्वरूप आजभोलि नेपाली भाषामा लेखिन थालेका केही चर्चित लामा कथाहरू भने एउटा बसाइमा पढिसिद्याउन गाह्रो पर्छ। ती लामा कथाहरू तन्किएर उपन्यासको साङ्गी रूप पहिल्याए पनि एकोन्मुख प्रभावान्वितिले गर्दा त्यो उपन्यास बन्न सक्दैन। यसबारे कुमार प्रधान लेख्छन्- "कथा विचार र दृष्टि भन्न खोज्ने माध्यम र निमित्त हुँदा उपन्यासचाहिँ कथा

[२२] राजेन्द्र सुवेदी, वि सं २०५३, **नेपाली उपन्यास र प्रवृत्ति**, वाराणसी, भूमिका प्रकाशन, पृ २१

[२३] एम एच अब्राम्स, सन् १९९३, **ग्लॅसरि ॲभ् लिटररि टःम्**, मेकमिलन इन्डिअ लिमिटिड्, पृ १११

[२४] कृष्णहरि बराल र नेत्र एटम, वि सं २०६६, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर, साझा प्रकाशन, पृ १७

मात्र हुँदैन।"[२५]

- उपन्यासमा बहुविध चरित्र र घटनाहरूको समष्टि चित्रण भएको हुन्छ; त्यसैले समयको व्यापक परिधिलाई ओगटेर उपन्यास विशाल आयाममा उभिएको हुन्छ। कथामा सीमीत परिवेश र जीवनको एक अंश मात्र चित्रण हुन्छ। कथा र उपन्यासमा आकार-प्रकार, प्रभाव, कल्पना, विचार, मानसिक अन्तर्द्वन्द्व, कथोपकथन, चरित्रचित्रण प्रक्रिया र शैली शिल्पविधानको विषमताका कारण दुवैका स्वरूपमा भिन्नता रहन्छ।
- सङ्क्षिप्तता एवम् स्थूल विवृत्ति कथाको वैशिष्ट्य हो। स्थूल विवृत्ति र सङ्क्षिप्ततामा पनि कथाको कलात्मक वैशिष्ट्य औ निजत्व जगेरा भएको हुन्छ। कथामा हुने नाटकीयता र प्रभावान्वितिले गर्दा यसमा सुरु र अन्त्यको अग्रगामी भूमिका हुँदैन। कथा बिनायोजना अर्थात् झटपट थालेर त्यसअनुरूपै टुङ्ग्याउन सकिन्छ। उपन्यासमा सूक्ष्म विवृत्ति विस्तारमा घटनाहरूको लामो शृङ्खला गाँसिँदै आउने हुनाले मूल कथानकसित अरू अन्तर्कथा वा उपकथाहरू हाराहारी खप्टिन आउँछन्। हेनरी जेम्सको भनाइअनुसार उपन्यासमा बितेका घटनाका साथै त्यससित सम्बन्धित कथाहरूको ओइरो हुन्छ।[२६] कथा र उपन्यास गद्यमा लेखिने प्रातिरूप्य कथात्मक प्रबन्ध भए पनि दुवैका केही समान्तर र केही असमान्तर गुणहरू निहित हुन्छन्। त्यही समान्तर र असमान्तरको जैविक कारणहरूले गर्दा यी दुवै विधामा तात्त्विक अन्तर रहेको हुन्छ। यी दुवै विधामा कतिपय समान गुणका कारण निकट सम्बन्ध पनि रहेको मानिन्छ। त्यसैले कथा र उपन्यासलाई गद्याख्यानको विशिष्ट रूप मान्न सकिन्छ।

उपर्युक्त स्वरूपका आधारमा इन्द्रबहाहदुर राईका गद्याख्यानको परिचय प्राप्त गर्न सकिन्छ।

## ३.२ लोक-सांस्कृतिक अध्ययनको पृष्ठभूमि

हाम्रा पुर्खा प्रकृतिका धेरै नजिक थिए। यसैले उनीहरू प्राकृतिक घटनाक्रमको अवलोकलन आफ्नै काल्पनिक आँखाले गर्थे। यसैबाट विश्वको सृष्टि देवीदेवता वा धार्मिक आधारबारे काल्पनिक आख्यान तयार भएको अनुमान गर्न सकिन्छ। पुर्खाको निजी अवधारणा र अनुभवाश्रित ज्ञानलाई अरू समक्ष

[२५] कुमार प्रधान, सन् १९७४, 'पारिचायिक', **नेपाली उपन्यासका आधारहरू**, दार्जिलिङ, ने सा प, पृ ख

[२६] हेनरी जेम्स, सन् १९९२, 'पॅइन्ट् ऑभ् भ्यू', डेभिड लज (सम्पा), **द आट ऑभ् फिक्श्अन्**, लऽन्डन, पेनगुइन बुक्स, पृ २६

सञ्चारित गर्ने मौलिक प्रवृत्तिबाटै आख्यानको बीज उद्भव भएको बुझ्न सकिन्छ। चूडामणि बन्धु लेख्छन्- "कुनै पनि व्यक्तिका निम्ति आफ्नो लोकसाहित्यको ज्ञान लिखित साहित्यको सन्दर्भमा आवश्यक पनि छ, किनभने स्रष्टाहरूले लोकसाहित्यबाट धेरै नै लिएका हुन्छन् र साहित्यका विभिन्न विधामा प्रयोग गरेका हुन्छन्।"[२७] सम्पूर्ण क्लासिकल् साहित्य मौखिक लोकसाहित्यकै जगबाट खडा हुनु यसको उदाहरण हो। लोकगाथा र लोककथाकै जगबाट बाल्मीकि, व्यास र होमर आदिका साहित्यिक पिरामिड खडा भएका हुन्। वासुदेव त्रिपाठीले नव क्लासिकल् साहित्यमा लोकगीत र लोकगाथाका धड्कनहरू रोपिएकाले त्यसको विद्रोहमा रउमायन्टिक साहित्य जन्म्यो र जःमन् वा अङ्ग्रेजी रउमायन्टिक जागरण कालमा लोकसाहित्यप्रति गहिरो अनुरक्ति रहेको कुरो व्यक्त गर्छन्।[२८] लोकजीवनबाटै शास्त्रीय परम्परामा ठाउँ पाएका कथाहरूमा **बृहत्कथा**, **पञ्चतन्त्र**, **हितोपदेश**, **बौद्ध जातककथा** लगायत तन्त्राख्यानहरू यसका उदाहरण हुन्। नेपाली साहित्यमा पनि लक्ष्मीप्रसाद देवकोटाका **मुनामदन**, **लुनी**, **मेहन्दु** -जस्ता खण्डकाव्य, माधव घिमिरेका कविता, गीत र केही काव्यहरू लोकलय र लोककथामै संरक्षित छन्। गोपालप्रसाद रिमालको क्रान्ति र विद्रोहको स्वर लोककथाकै राजकुमार र राजकुमारीका माध्यमबाट प्रकट हुन्छ। वैरागी काइँला, इन्द्रबहादुर राई, विजय मल्ल, उपेन्द्र श्रेष्ठ, मनप्रसाद सुब्बा प्रभृति आधुनिक साहित्यकारहरूमा लोक-संस्कृति तथा लोकसाहित्यप्रति गहिरो आशक्ति पाइन्छ। यसैले संसारका सबै आख्यान साहित्यमा लोक-संस्कृतिको प्रभाव परेकै छ भन्न सकिन्छ।

लोक-सांस्कृतिक वैशिष्ट्यहरूको अध्ययन-सङ्कलन गर्ने काम युरोपबाट अठारौं शताब्दीदेखि सुरु भएको देखिन्छ। त्यससमय युरोपमा भौतिक विज्ञान, जीव विज्ञान तथा मानव विज्ञानका क्षेत्रमा केही भौतिकवादी सिद्धान्तहरू स्थापित हुन पुगे त्यसैबाट प्रभावित भएर युरोपेली विद्वान्हरूले आफ्नो महाद्वीपका सामाजिक परम्परा, धार्मिक विश्वास तथा राजनीतिक संस्थाहरूको अध्ययन गर्ने परम्परा थालेको देखिन्छ। कृष्णदेव उपाध्यायका अनुसार अठारौं शताब्दीको प्रारम्भमा उपर्युक्त विषयको अनुसन्धान 'लोकप्रिय पुरावशेष' (पॅप्युलर् आयन्टिक्विटिज्) नामले प्रसिद्ध थियो। सर्वप्रथम ब्रेन्डले 'पॅप्युलर् आयन्टिक्विटिज्'-को नामद्वारा आफ्नो ग्रन्थ प्रकाशन गरी त्यसमा तत्कालीन युरोपेली लोकजीवनका आचारविचार,

[२७] चूडामणि बन्धु, **नेपाली साहित्यको इतिहास**, पूर्ववत्, पृ ५३

[२८] वासुदेव त्रिपाठी, वि सं २०२७, **नेपाली कविताको सिंहावलोकन**, काठमाडौं, साझा प्रकाशन, पृ ७

रहनसहन, रीतिरिबाज तथा विधिविधानको वर्णन गरे।[२९] यसै क्रममा गेवरेन्ड बोर्नले रउमन् कायथलिक् धर्मका अनुयायीहरूको विश्वासको सङ्ग्रह **आयन्टीक् ॲभ् दि कॅमन् पीप्अल्** (सन् १९४७) नामक पुस्तक प्रकाशित गरे भने पादरी टमस पर्सीले **रेलिक्स ॲभ् एइन्शन्ट् इङ्ग्लिश् पउइट्रि** (सन् १७६७) नामक पुस्तक प्रकाशित गरे जसमा भूतप्रेत, परी आदिका रोमाञ्चक कथा अनि गीत विद्यमान पाइन्छ। यसै पुस्तकको नवीनतालाई देखेर युरोपेली विद्वान्हरू स्वभावतः यस दिशातर्फ आकर्षित बन्न पुगेका थिए। यसो भए पनि युरोपमा लोक-संस्कृतिको व्यवस्थित अध्ययनपरम्पराको प्रारम्भ जःमन् लोकवार्ताविद् जेकब ग्रिम र विलहेल्म ग्रिमबाट भएको मानिन्छ। यी दुई भाइहरूले संयुक्त रूपमा जःमन् लोककथा र लोकगीतहरूको सङ्ग्रह गर्नाका साथै लोकगीत र लोककथाको वर्गीकरण र व्याख्यासमेत गरी जःमन् मिथॅलजिमाथि महत्त्वपूर्ण अनुसन्धान गर्ने कार्य गरेका छन्।

सन् १८४६ मा जॅन् डब्अल्यू थउमस्ले 'फउक्लॅःर्' नवीन शब्दको सृष्टि गरी 'नउट् आयन्ड् क्विअरि' पत्रिकासमेत प्रकाशित गरेर त्यसमा लोक-संस्कृतिसम्बन्धी महत्त्वपूर्ण सामग्रीहरू प्रकाशमा ल्याएको देखिन्छ। जॅन् डब्अल्यू थउमस्कै तत्परतामा 'फउक्लॅःर् ससाइअटि' (सन् १८६६) नामक संस्था युरोपमा गठन हुन्छ। यसै संस्थाको मुखपत्र 'फउक्लॅःर्' शोध पत्रिकाको माध्यमद्वारा विश्वमा लोक-संस्कृतिको सम्बन्धमा नयाँ जागरण उत्पन्न भएको मानिएको छ। उन्नाइसौं शताब्दीमा एन्ड्रु लाङ्ग, जर्ज लरेन्स, गोमे, हर्ट लैन्ड, क्लाड, क्लाडस्टन आदि विद्वान्हरू देखापर्छन्। यसै अवधि जःमन् विद्वान् थियोडोर बेनफे देखापर्छन्। उनले भारतीय लोककथाहरूको प्राचीनताबारे अनुसन्धान गरी पञ्चतन्त्रको अनुवाद गरी लोककथाहरू भारतबाट नै अरूतिर फैलिएको कुरा गरे भनेर बन्धुले लेखेका छन्।[३०] बिसौं शताब्दीमा देखापरेका जर्ज फ्रेजर, सार्लोट सोफिया बर्न, एन्टी आर्ने र स्टिथ थम्पसन, भ्लादिमिर प्रप, म्याक्स बुन्ट, विलिम बास्कम, अलान डुन्डेस, रिचार्ड एम डोर्सन, जवाहरलाल हान्डु आदि उल्लेखनीय विद्वान्हरू हुन्।

युरोप र भारतमा एकै समयका हारहारीमा लोक-सांस्कृतिक अध्ययन कार्य आरम्भ भएको हो। भारतमा लोकसाहित्य तथा लोक-सांस्कृतिक अध्ययनको प्रारम्भ 'अङ्ग्रेज सिविलियन' र 'इसाई मिसनरी' दुई प्रकारका व्यक्तिहरूद्वारा भएको कुरा कृष्णदेव उपाध्याय लेख्छन्।[३१] आजभन्दा अढाई सय वर्षअघि कलकत्ता उच्च न्यायालयका जर्ज सर विलियम जोन्सको तत्परतामा स्थापन भएको 'जःन्अल् ॲभ् रॅइअल्

---

[२९] कृष्णदेव उपाध्याय, **लोक संस्कृति की रूपरेखा**, पूर्ववत्, पृ २९

[३०] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्, पृ ४१

[३१] कृष्णदेव उपाध्याय, **लोक संस्कृति की रूपरेखा**, पूर्ववत्, पृ ३५

एइशिआय्टिक् ससाइअटि ॲभ् बङ्गाल' (सन् १७७४)-ले भारतीय इतिहास, दर्शन तथा संस्कृति आदिबारे वैज्ञानिक पद्धतिअनुसार अनुसन्धान गर्ने कार्यसँगै लोकगीत र लोककथाका सङ्कलन प्रकाशित गरेको देखिन्छ। भारतमा लोक-सांस्कृतिक अध्ययनमा पश्चिम बङ्गालको लामो इतिहास रहेको यसबाट बुझिन्छ। उन्नाइसौं शताब्दीदेखि नै बङ्गालमा लोक-संस्कृतिको सङ्कलन कार्यमा ब्रिटिश् शोधकर्ता विलियम जोन्स, चार्ल्स विल्किङ्स, विलियम केरे, जर्ज ग्रियर्सनहरू प्रेरित र सक्रिय थिए। लोकसाहित्य तथा संस्कृतिको व्यवस्थित अध्ययन गर्ने काम जेम्स टाडले **एनाल्स आयन्ड् आयन्टिक्विटिज् ॲभ् राजस्थान** (सन् १८२९) नामक पुस्तकमा राजस्थानको लोकगाथा तथा लोककथा एवम् जनश्रुतिहरूको सङ्कलन गरेपछि भयो। यसमा राजस्थानको राजनीतिक इतिहास तथा सामाजिक अवस्था, रहनसहन, रीतिरिबाज खानपान, परम्पराबारे साङ्गोपाङ्गो विवेचन गरिएको देखिन्छ। मिस फ्रेयरको **अउल्ड् डेकेन डेइज्** (सन् १८६६), चार्ल्स ई गोवरको **फउक् सॅङ् ॲभ् सदरन इन्डिअ** (सन् १८७१), डाल्टनको **डिस्क्राइब् एथ्नॅलजि ॲभ् बऽङ्गाअल्** (सन् १८७२), तोरूदत्तको **एइन्शन्ट् बायलड् आयन्ड् लेजन्ड् ॲभ् हिन्दुस्तान** (सन् १८८२), लाल बिहारी डेको **फउक्टेइल् ॲभ् बऽङ्गाअल्** (सन् १८८३) आदि एकाधिक पुस्तकहरू प्रकाशित छन्। नेपाली भाषामा बिसौं शताब्दीको उत्तरार्धमा आएर त्यस कोटिका सङ्कलित पुस्तकहरू एकाध प्रकाशमा आएको पाइन्छ। सत्यमोहन जोशीको **नेपाली लोक : एक अध्ययन** (वि सं २०११) र **हाम्रो लोक संस्कृति** (वि सं २०१३), लक्ष्मण लोहनीको **रोदीघर** (वि २०१३), आर डी र एल एलको **नेपालका विभिन्न जाति र तिनका लोकगीत** (वि २०२३), तुसली दिवस (संयोजक) का **लोकसंस्कृति सङ्गोष्ठी** (वि सं २०३५), **प्रदर्शनकारी धिमाल लोकसंस्कृति** (वि २०३५), विजय चालिसेको **डोटेली लोकसंस्कृति र साहित्य** (वि सं २०३९) आदि उल्लेखनीय छन्।

उपर्युक्त जम्मै भाषाका पुस्तकहरू लोक-सांस्कृतिक अध्ययन-सङ्कलनमा आधारित देखिन्छन् तर आख्यान साहित्यमा लोक-सांस्कृतिक वैशिष्ट्यहरूको अभिव्यक्तिलाई सैद्धान्तिक अध्ययन गर्ने काम युरोपीय साहित्यमा बिसौं शताब्दीको मध्यवर्ती कालदेखि भयो। अमेरिकेली समालोचक वारेन एस वाकरको 'एलिमन्ट्स् ॲभ् फउक् कऽल्चर् इन कूपर नॅभ्अल्स्' लेख यस कोटिको उल्लेखनीय रचना हो। यो लेख 'न्यू यॅःक् हिस्ट्रि' भो ३५, नं ४ (सन् १९५४) मा प्रकाशित भएको पाइन्छ। यस लेखमा जेम्स फेनिमोर कुपरका औपन्यासिक कृतिहरूमा चित्रित लोकसामग्रीको अध्ययन लोक-सांस्कृतिक तत्त्वका

आधारमा गरिएको छ। यसमा देवीदेवता, प्रकृतिका विभिन्न ओलौकिक शक्ति, पौराणिक कथा, किंवदन्ती, लोकपात्र, इसाई नैतिकता, समुद्री भाषा, हास्य चरित्र, सैतान विद्या, निग्रो विद्या, डच विद्या, पशु विद्या, लोककथा, उखान, बार तथा देवीदेवतासम्बन्धी लोकविश्वास, भूतप्रेत, रहनसहन, व्यवसाय, डच रीतिरिबाज, स्लीव राइडिङ्ग -जस्ता लोकखेल, खानपान, नीतिवचन, लौकिक अभिव्यक्ति, लोकोपचार विधि, सिकार गर्ने प्रक्रिया, भूमि सफा गर्ने तरिका इत्यादि लोक-सांस्कृतिक विषयहरूको अध्ययन गरिएको छ। वाकरको सो रचना प्रकाशित हुनुभन्दा एक वर्षअघि 'प्रॅभःब्स् इन द नॅभ्अल्स् ॲभ् जेम्स फेनिमोर कुपर' (सन् १९५३), शीर्षक शोधमूलक रचना प्रकाशित भएको थियो यसमा कुपरका उपन्यासहरूमा उखानको अध्ययन गरिएको छ। उनले कुपरलाई आख्यानमा उखानका प्रयोग गर्ने प्रथम सफल प्रयोक्ता मानेका छन्। यसै गरी अलान डुन्डेसको 'द स्टऽडि ॲभ् फउक्लॅःर् इन लिटरचर् आय्न्ड् कऽल्चर् : आइडेन्टिफिकेइश्अन् आय्न्ड् इन्टःप्रिटेइश्अन्' (सन् १९६५) उल्लेखनीय शोध रचना हो। मेक एडवर्ड लिचको 'फउक्लॅःर् इन अमेरिकन् रीज्अन्अल् लिटरचर्' (सन् १९६६), एरिक जे सन्डको **फउक् कऽल्चर् इन मॅड्अन् अफ्रिकन्-अमेरिकन् फिक्श्अन्** (सन् १९९२) आख्यानमा लोक-सांस्कृतिक अध्ययन गरिएको उल्लेखनीय पुस्तकाकार कृति हो।

यसै गरी पूर्वमा विभिन्न विश्वविद्यालय तथा शोध संस्थानहरूबाट हिन्दी र नेपाली भाषामा आख्यान साहित्यमा लोक-सांस्कृतिक अध्ययन गर्ने काम भएको एकाधिक नमुनाहरू पाउन सकिन्छ, जस्तै- नृपेन्द्र प्रसाद वर्माको **पदमावत का लोकतात्त्विक अध्ययन** (सन् १०७९), क्षमा टडनको **आँचलिक उपन्यासों में लोक-संस्कृति** (सन् १९९३), आशा देवीको **हिंदी प्रेमाख्यानों में लोक-संस्कृति** (सन् १९९८) अंजू रानीको **मध्यकालीन हिन्दी सतसई साहित्य में लोक संस्कृति** (सन् २००७), ऋचा पटैरियाको **हिन्दी के आंचलिक उपन्यासों में बुन्देलखण्ड के लोकजीवन का अनुशीलन** (सन् २००७), मैनेजर पाण्डेयको **उपन्यास और लोकतन्त्र** (सन् २०१३), उमाशंकर त्रिपाठीको **रीतिमुक्त काव्यधारा में अभिव्यक्त लोक-संस्कृति** (सन् २०१३), मणिदीपा शिकदारको **लोक-संस्कृति चर्चार उपेन्द्रकिशोर रायचौधरीर अवदान** (सन् २०१५)।

राजकुमार छेत्रीका 'शिवकुमार राईका कथामा लोकतात्त्विक पक्ष' (सन् २००९) र 'भारतमा लेखिएका नेपाली कथामा लोक-सांस्कृतिक सन्दर्भ' (सन् २०१४), कामना लामाको **प्रदीप गुरुङका कथाहरूको लोकतात्विक अध्ययन** (सन् २०१४), कृष्णराज घतानीको 'समकालीन नेपाली कथामा

लोकतत्त्व' (सन् २००१-०२) र 'किरातीय कथाहरूमा लोकतात्त्विक परिप्रेक्ष्य', (सन् २०१०-११), वासुदेव पुलामीको 'जार : भएकै एउटा कथाको मिथकीय वाचन' (सन् २०१५), मेहेरमान सुब्बाको 'सानु लामाको कथामा लोकतत्त्व' (सन् २०१५), कल्याणी शर्माको 'पूर्ण राईका कथामा सांस्कृतिक परिवेश' (सन् २०१५), सुनिला गुरुङको 'मैनालीका कथामा गालीसूचक अभिव्यक्तिको समाजभाषिक अध्ययन' (सन् २०१७), सूचन प्रधानका 'लोकतत्त्वका आधारमा आज रमिता छ उपन्यास' (सन् २०१८) र **नेपाली उपन्यासहरूको लोकतात्त्विक अध्ययन** (सन् २०१९), रेमिका थापाको 'किरातको होय चेङ्बा उपन्यासमा नेपाली लोकजीवनको चित्रण' (सन् २०१८), कृष्ण सापकोटाको 'विपना कतिपयका कथाहरूमा पाइने लोकतत्त्व' (सन् २०१९), कृष्ण भण्डारी 'मुमुक्षु' को 'एउटा विचारको यात्रापथ कथाभित्र संस्कारद्वन्द्व' (सन् २०२०) आदि।

### ३.३ लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्परा र इन्द्रबहादुर राई

भारतको सिक्किम, दार्जिलिङ, उत्तर-पूर्वाञ्चल र दक्षिण-पूर्वाञ्चल भाषिक क्षेत्रमा रहेर नेपाली लेखकहरूद्वारा नेपाली भाषामा लेखिएको मौलिक इतिवृत्तप्रधान गद्यरचनालाई भारतीय नेपाली गद्याख्यान भन्न सकिन्छ। घनश्याम नेपालले अझ युक्तिसङ्गत रूपमा भारतीय नेपाली साहित्यको परिभाषा यसप्रकार दिएका छन्- "राष्ट्रियताले, जन्मले वा मन-वचन र कर्मले भारतीय रहेका कवि-लेखकहरूद्वारा नेपाली भाषामा लेखिएको भारतीय चेतनायुक्त मौलिक साहित्य हो।"[३२] इन्द्रबहादुर राईले भारतीय नेपाली साहित्य 'लोकोक्तीय तरुल जस्तो छ, नेपाल र भारत दुई माटो भेटेको'[३३] भनेको पाइन्छ, किनभने दुवै भौगोलिक क्षेत्रमा लेखिने साहित्यमाझ ठुलो सामञ्जस्य देखिन्छ। यसो भए पनि दुईमाझ आ-आफ्ना स्वरूप वैशिष्ट्य र भिन्नताहरू छन्। अतः लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यानको विकासपरम्परामा पस्नु अघि इन्द्रबहादुर राईका कृतित्व र साहित्यिक व्यक्तित्वको विकास र महत्त्वबारे प्रकाश पारिएको छ। त्यसपछि अध्ययनको सजिलोका लागि भारतीय नेपाली कथा र उपन्यासपरम्परालाई भारत स्वतन्त्र पूर्व र स्वतन्त्रपछि दुई भागमा भिन्नाभिन्नै विभाजन गरेर लोक-सांस्कृतिक सन्दर्भको अवलोकन गरिएको छ। यसै क्रममा इन्द्रबहादुर राईलाई यथास्थान उल्लेख गरिएको छ।

---

[३२] घनश्याम नेपाल, **विधा विविधा**, पूर्ववत्, पृ १४२

[३३] इन्द्रबहादुर राई, सन् २००२, 'परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति', पवन चामलिङ 'किरण' (सम्पा), **निर्माण**, रजतजयन्ती अङ्क, सिक्किम, निर्माण प्रकाशन, पृ १०१

## ३.३.१ आख्यानकार इन्द्रबहादुर राईका कृतित्व र साहित्यिक व्यक्तित्वको विकासक्रम

भारतको दार्जिलिङअन्तर्गत बालसन चियाबारीमा ३ फेब्रुअरी, १९२७ मा जन्मेका इन्द्रबहादुर राईले छात्रावस्थादेखि नै साहित्यमा कलम चलाउँदै आएको थाहा पाइन्छ। यसो भए पनि सार्वजनिक रूपमा इस्वी चालीसको दशकदेखि सिर्जनयात्रा आरम्भ गरी लगभग छ दशकभन्दा धेरै समय व्यतीत गरेको देखिन्छ। प्रथमतः राईले आफ्ना बाल्यकालका गुरु कमलकुमार शर्माबाट साहित्यमा प्रेरणा र प्रोत्साहन पाएका थिए। उनलाई 'शारदा' (सन् १९३४) र 'खोजी' (सन् १९४०) -जस्ता साहित्यिक पत्रिका चिनाउने पहिलो व्यक्ति पनि तिनै थिए। इन्द्रबहादुर राईको घरेलु वातावरण पनि काव्यमय थियो। घरमा बोजूले **महाभारत** को 'वनपर्व' भाका हालेर सुनाउने गर्थिन्। बाबुले ज्ञानदिल दासका सधुक्कडी भजनहरू गाउने गर्थे। यिनै प्रेरणा र प्रोत्साहन पाएर इन्द्रबहादुर राई 'रहरै-रहरमा वा ख्यालै-ख्यालमा' विद्यार्थीकालदेखि नै साहित्यमा झ्याम्मिएका थिए। कहिले र कुन विधाबाट साहित्यिक यात्रा आरम्भ भयो भन्ने सम्बन्धमा **इन्द्र सम्पूर्ण** ग्रन्थ ५ मा समावेश गरिएको विश्व बल्लभले लिएको 'नेपालका र नेपालबाहिरका नेपाली एउटै सांस्कृतिक एकाइभित्र रहेका छौं, बाँचेका छौं' भन्ने शीर्षक अन्तर्वार्तामा उनले दिएको भनाइ यसप्रकार छ-

- *जहाँसम्म थाहा छ विद्यार्थी बेलामा, अहिले झट्ट याद आउँछ, एउटा नाटक लेखेको थिएँ जब म दशौं कक्षामा पढ्थें र स्कूलको पारितोषिक दिवसमा त्यो प्रदर्शित पनि भएको थियो, त्यो नाटकको नाम पनि थाहा छैन, नाटक पनि आफूसित छैन। पहिला त्यो नै हो कि भन्न सक्छु, होइन, त्यसभन्दा अघि आठौँ श्रेणीतिर पढ्दा एउटा उपन्यास लेखेको थिएँ, त्यो पनि छैन। यसरी सम्झँदै गए, जेठोभन्दा जेठो सम्झँदै जाला तर रहरै मात्र हुन्, तिनीहरू गन्ती नगरे नै निको होला।*[३४]

उपर्युक्त विवरणबाट विद्यार्थीकालमा लेखेका जम्मै ती रचनाहरू मात्र रहरले लेखेको उनको बुझाइ छ। त्यसैले अविनाश श्रेष्ठसँग लिएको अन्तर्वार्तामा 'प्रेरणाले होइन, उत्तरदायित्व-चेतले लेख्नुपर्छ' भन्ने तिनको धारणा पाइन्छ। यसअनुसार उनको उत्तरदायित्व लेखनको आरम्भ 'भारती' वर्ष १, सङ्ख्या २, सन् १९४९ मा प्रकाशित 'चाख लाग्दो हुनु कसरी?' शीर्षक निबन्धबाट भयो। उनको 'रातभरि हुरी चल्यो' कथा पहिलो प्रकाशित कथा हो। यो कथा गुमानसिंह चामलिङद्वारा सम्पादित 'साहित्य-सङ्गम' (सन् १९५९) द्वैमासिक पत्रिकामा प्रकाशित भएको देखिन्छ। उनले कथा, उपन्यास, निबन्ध, समालोचना, नाटक, दैनिकी

[३४] विश्ववल्लभ, सन् २००४, 'नेपालका र नेपालबाहिरका नेपाली एउटै सांस्कृतिक एकाइभित्र रहेका छौं, बाँचेका छौं', विजयकुमार राई (सम्पा), **इन्द्र सम्पूर्ण**, ग्रन्थ ५, नाम्ची, निर्माण प्रकाशन, पृ ३८९

-जस्ता नेपाली साहित्यका विधाहरूमा कलम चलाएका छन्। उनका मौलिक र सम्पादित कृतिहरू साथै उनले प्राप्त गरेका सम्मान तथा पुरस्कार यसप्रकार छन्-

**कथा:**

- विपना कतिपय (सन् १९६१)
- कथास्था (सन् १९७२)
- कठपुतलीको मन (सन् १९८९)

**उपन्यास:**

- आज रमिता छ (सन् १९६४)

**समालोचना:**

- टिपेका टिप्पणीहरू (सन् १९६६)
- नेपाली उपन्यासका आधारहरू (सन् १९७४)
- सन्दर्भमा ईश्वरबल्लभका कविता (सन् १९७६)
- साहित्यको अपहरण (सन् १९७९)
- दार्जिलिङमा नेपाली नाटकको अर्द्धशताब्दी (सन् १९८४)
- अर्थहरूको पछिल्तिर (सन् १९९४)
- पृष्ट पृष्ठ (सन् १९९५)
- सम्पूरक (सन् २०१४)
- पछिल्ला चुनिएका लेखहरू (सन् २०१६)

**निबन्ध:**

- पहाड र खोला (सन् १९९३)
- समयाङ्कन दैनिकीय (सन् १९९७)
- लेखहरू र झ्याल (सन् २०००)

- असङ्कलित लेखहरू (सन् २००४)

**नाटक:**

- पहेंलो दिन (सन् २००२)

**सम्पादन:**

- ‘छात्र’ (हस्तलिखित) (सन् १९४६)
- ‘सुधा’ (हस्तलिखित) (सन् १९४९)
- ‘दियालो’ (हाँगो १ देखि, हाँगो २१ सम्म) सन् १९५९-६५
- कवि भानुभक्त आचार्यको जीवन चरित्र (सन् १९६४)
- भानुभक्तका कृति र अध्ययनहरू (सन् १९६९)
- एन्साइक्लपीडिअ ॲभ् इन्डिअन् लिटरचर्, नेपाली खण्ड, भाग , (सन् १९८७)
- शिवकुमार राई स्मृति ग्रन्थ (अतिथि सम्पादक) (सन् १९९८)

**पुरस्कार:**

- साहित्य अकादेमी पुरस्कार (सन् १९७७)
- जगदम्बाश्री पुरस्कार (सन् १९९५)
- अगमसिंह गिरी स्मृति पुरस्कार (सन् १९९७)
- आशारानी निर्माण पुरस्कार (सन् २०००)
- भानु पुरस्कार (सन् २००२)
- भूपालमानसिंह कार्की प्रज्ञा परिषद् पुरस्कार (सन् २००३)

**उपाधि:**

- डॅक्टर् ॲभ् लिटरचर्, उ ब वि (सन् २००४)
- मानार्थ महाविद्यावारिधि, त्रि वि, (वि सं २०७३)

उपर्युक्त प्रकाशित कथा, उपन्यास, निबन्ध, समालोचना, नाटक र दैनिकी आदि कृतित्वका माध्यमबाटै

उनको साहित्यिक व्यक्तित्वको विकासक्रम के कसरी अघि बढेको छ त्यसबारे थाहा पाउन सकिन्छ। यसैले उनको कथाकार र उपन्यासकार व्यक्तित्वबारे यसै अध्यायको पछिल्ला भागमा अध्ययन गरिएको हुँदा यसमा निबन्धकार, समालोचक, नाटककार र दैनिकीय आदि व्यक्तित्व बारेमा मात्र परिचयात्मक विवरण प्रस्तुत गरिएको छ।

- **निबन्धकार इन्द्रबहादुर राई**

इन्द्रबहादुर राई नेपाली निबन्ध जगत्मा एकजना ‘चतुर्दिक चाख र विलक्षण’ भएका प्रतिभा हुन्। उनले निबन्ध विधाबाट सार्वजनिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेका हुन्। यसो भए पनि सन् १९४६-४७ तिर नै लैनसिंह वाङ्देल र कमलकुमार शर्माका संयुक्त सम्पादनमा प्रकाशित भएको ‘माता’ हस्तलिखित पत्रिकाको एउटा अङ्कमा उनको निबन्ध निक्केको थाहा लागे तापनि शीर्षक पत्तो लाग्न सकेको छैन। यस दृष्टिले उनको पहिलो निबन्ध-रचना ‘चाखलाग्दो हुनु कसरी?’ (सन् १९४९) हो।[३५] उनका केही समीक्षात्मक लेखहरू निबन्धात्मक परिपाटीका छन्। ती समीक्षात्मक लेखहरू निबन्ध र समीक्षाको अवान्तर परिपाटीमा लेखिएका हुनाले निबन्ध र समीक्षा दुवै कोटिबाट हेर्ने गर्छन्। उनका ‘दार्जिलिङको नेपाली लोक-जीवन’ (१९७८), **पहाड़ र खोलाहरू** (सन् १९९३), **लेखहरू र झ्याल** (सन् २०००) र **असङ्कलित लेखहरू** (सन् २००४) आदि प्रकाशित निबन्धात्मक कृतिहरू हुन्। साथै **दार्जिलिङको नेपाली लोक-जीवन** शीर्षक निबन्ध नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित ‘नेपाली-लोक-संस्कृति-संगोष्ठी’ (सं २०३२ चैत्र १२ गतेदेखि १६ गतेसम्म) का लागि तयार पारिएको निबन्धात्मक लेखादि हो।

इन्द्रबहादुर राईले दैनिकीय विधामा पनि कलम चलाएका छन्। उनको **समयाङ्कन दैनिकीय** (सन् १९९७) सरस्वती पुस्तक मन्दिर, सिलगडीबाट प्रकाशित छ। दैनिकीय साहित्यको आधुनिक नवीन विधा हो। दैनिकीयलाई अर्को शब्दमा रोजनाम्चा एवम् दैनन्दिनी पनि भन्ने चलन छ। नेपालीमा प्रचलित दैनिकीयलाई अङ्ग्रेजीमा ‘डायरी’ भनिएको पाइन्छ। कुमारबहादुर जोशीका अनुसार “दैनिकी, रोजनाम्चा, दैनन्दिनी, डायरी सबैका एकै अर्थ हुन्छ - दिनहुँको वा रोज-रोजको घटना, विचार अथवा दिनभर गरिएका

[३५] कुमारबहादुर जोशी, सन् १९९७, ‘आर्तवायन : श्री इन्द्रबहादुर राईको’, **समयाङ्कन दैनिकीय**, सिलगडी, सरस्वती पुस्तक मन्दिर, पृ १०

विशेष कामको संक्षिप्त विवरण तथा दैनिक रेकर्ड राखिएको पुस्तिका।''[३६]

दैनिकी लेखनदेखि नेपाली साहित्य अपरिचित नभए पनि यो त्यति विकसित भएको विधा होइन। ऐतिहासिक परम्पराका दृष्टिले 'बत्तीस सालको रोजनाम्चा' (सन् १८७५) नेपाली भाषामा प्रकाशित पहिलो दैनिकी मानिन्छ। परवर्ती कालमा यस परम्परालाई अनुशरण गरेर लेख्न रुचाउने एकजना इन्द्रबहादुर राई पनि हुन्। काशी हिन्दू विश्वविद्यालयको नेपाली विभागबाट कुमारबहादुर जोशी र घनश्याम नेपालका संयुक्त सम्पादनमा 'समयाङ्कन' आर्तव अनुसन्धानात्मिका प्रकाशित हुने गर्थ्यो। यसै पत्रिकाका निम्ति सम्पादक घनश्याम नेपालले 'आउँदो अङ्क सम्पूर्ण नै यहाँको एउटा सिङ्गो लेख दिन चाहन्छौं' भनेर इन्द्रबहादुर राईलाई टेलिफोनमा मौखिक अनुरोध गरेपछि नै **समयाङ्कन दैनिकीय** लेख्ने जमर्को भएको थाहा लाग्छ। राईले लगभग डेढ महिनाको अवधिभित्र उन्नाइसवटा दैनिकी लेखिसिद्याएका थिए। ती उन्नाइसवटा दैनिकीलाई कुमारबहादुर जोशीले 'दैनिकी संग्रह' भनेका छन्।

१४ जनवरी १९९६ देखि थालिएर २९ फरवरी १९९६ को दिन लेखिसिद्धाएका **समयाङ्कन दैनिकीय** मा तत्तत् दिन घटेका घटना र तत्तत् दिनका विचारको विवरण नभएर यसमा संस्मरण, भाषण, आलोचना-प्रत्यालोचना, लेखकका विभिन्न अवधारणा तथा मान्यता एवम् सिद्धान्तहरूको प्रस्तुति पाइन्छ।

राईका निबन्धहरू अन्वेषणपरक, चिन्तनमूलक र समालोचना स्वरूपका छन्। राई आफ्ना निबन्धहरूमा सामाजिक जीवन, नेपाली भाषाको मानक रूप, नेपाली लोकजीवन, लोक-संस्कृति, साहित्यमा प्रचलित विविध विषय र लेखन प्रतिमानलाई सम्यक् प्रकाश पार्न खोज्छन्। उनका निबन्ध लक्ष्मीप्रसाद देवकोटाको 'टेबिल-गफ' जस्तो बौद्धिक र चिन्तनपरक मात्र नभई वस्तुवादी पनि हुन्छन्। निबन्ध लेख्दा विचारको सपाट वर्णनको साटो निजी दृष्टि र मन्तव्यलाई मिसाएर आफ्नो बनाएर प्रस्तुत गर्छन्। उनको जस्तो विषयलाई पनि नङ्ग्याएर भन्न सक्ने भाषिक सीपले गर्दा विद्वता थोरै विश्लेषण र बुझाइ धेरै हुन्छ।

- **समालोचक इन्द्रबहादुर राई**

नेपाली साहित्यालोचन क्षेत्रमा इन्द्रबहादुर राईको बहुमूल्य योगदान छ। उनी साहित्य अकादेमी राष्ट्रिय पुरस्कार पाउने पहिलो भारतीय नेपाली समालोचक पनि हुन्। उनको कथाकार, उपन्यासकार व्यक्तित्वपछि

[३६] कुमारबहादुर जोशी, **समयाङ्कन दैनिकीय**, पूर्ववत्, पृ १

तेस्रो व्यक्तित्व समालोचक हो। उनले ‘भारती’ (अङ्क ११, वर्ष २, मई १९५१)-मा ‘मुलुकबाहिर १/५ पढ़ेर’ शीर्षक समीक्षा प्रकाशित गरी सार्वजनिक रूपमा साहित्यालोचन क्षेत्रमा पाइला टेकेका हुन्। उनका आठवटा समालोचनात्मक पुस्तक प्रकाशित छन्।

**टिपेका टिप्पणीहरू** (सन् १९६६) उनको पहिलो समालोचना सङ्ग्रह हो। निबन्धात्मकता यस सङ्ग्रहको विशेषता हो त्यैसले यस सङ्ग्रहलाई निबन्ध र समालोचना दुवै विधाअन्तर्गत राखेर अध्ययन गर्ने चलन छ। **टिपेका टिप्पणीहरू** मा एक्काइसवटा निबन्धात्मक समीक्षाहरू परेका छन्। यस सङ्ग्रहभित्र कृतिपरक, प्रभावपरक, व्याख्यात्मक, तुलनात्मक, भाषापरक विशेषता पाइन्छन्। यसपछि राईको साहित्यालोचन दृष्टि पूर्णरूपेण प्रौढ, मौलिक चिन्तनयुक्त तथा सैद्धान्तिक बन्न पुगेको देखिन्छ। **नेपाली उपन्यासका आधारहरू** (सन् १९७४) समालोचक राईका विधागत साहित्यालोचन पुस्तक हो। यसलाई नेपाली साहित्यालोचन क्षेत्रमा प्रथम विधागत समालोचना सङ्ग्रह मानिन्छ। यसको थप महत्त्व साहित्य अकादेमी पुरस्कार (सन् १९७७) द्वारा विभूषित पहिलो भारतीय नेपाली साहित्यालोचन-कृति हो। यस पुस्तकमा आधुनिक नेपाली उपन्यासलाई आयामिक ‘वस्तुता’-को कोणबाट अध्ययन गर्ने प्रयास गरिएको छ। नौलो किसिमको शब्द तथा वाक्य-विन्यास, विचारको घमाउरो प्रस्तुति र कृति छिचोल्ने नयाँ तरिकाले गर्दा यस सङ्ग्रहभित्रका समालोचनाहरू दुरूह साथै वस्तुता पक्षलाई ठम्याउने आयामिक दृष्टिकोण प्रस्तुत गरिएको छ।

समालोचक राईको **सन्दर्भमा ईश्वरबल्लभका कविता (**सन् १९७६) आयमिक कवि ईश्वरबल्लभका आयामिक चिन्तनयुक्त ‘एउटा शहरको किनारामा’ कविताको आयामिक पद्धतिका आधारमा आयामिक अधिष्ठताले गरिएको पहिलो कृतिपरक समालोचना पुस्तक हो। मार्क्सवादी दृष्टिकोणलाई लिएर गहन तार्किक ढङ्गमा व्याख्या-विश्लेषण गरिएको **साहित्यको अपहरण** (सन् १९८३) उनको चौथो समालोचनात्मक पुस्तक हो। यो पुस्तक चिन्तन धेरै साहित्यिक दृष्टिकोण थोरै भएको विचारोत्तेजक प्रणालीको छ। प्रगतिशील तथा समाजवादी लेखकहरूका विचार-धारणाप्रति समालोचक राईको प्रतिक्रियावादी दृष्टिकोण रहेको छ। **दार्जीलिङमा नेपाली नाटकको अर्धशताब्दी** (सन् १९८४) समालोचक राईको पाँचौं समालोचना पुस्तक हो। यसमा सन् १९०० देखि १९५० सम्मका दार्जिलिङका नेपाली नाटकको ऐतिहासिक विवरण प्रस्तुत छ। दार्जिलिङका नाट्यकर्मी तथा कलाकर्मी, विभिन्न नाटकसँग सम्बद्ध सङ्घ-संस्था आदिका इतिवृत्त प्रस्तुत गरिएको यो ऐतिहासिक पुस्तक हो।

**अर्थहरूको पछिल्तिर** (सन् १९९४) नेपाली साहित्यालोचन क्षेत्रमा लीलादृष्टि प्रस्तुत गरिएको नवप्रयोगवादी समालोचना सङ्ग्रह हो। घनश्याम नेपालका अनुसार मिथक अनावृत्ति प्रणाली, मिथक अध्ययनका विधिवादी सिद्धान्त, प्रतिस्थापनवादी सिद्धान्त, कार्यवादी सिद्धान्त, संरचनावादी सिद्धान्त, प्रारूपवादी अर्थात् प्रारूपान्तरवादी सिद्धान्त, र अन्ततः लीलावादी सिद्धान्तहरू उल्लिखित, समीक्षित तथा प्रयोगद्वारा स्थापित गर्ने प्रयास गरेको पाइन्छ।[३७] **पृष्ट पृष्ठ** (सन् १९९५) सत्रवटा समालोचनात्मक लेखहरूको सङ्गालो भएको पुस्तक हो। यस पुस्तकमा प्रायोगिक तथा सैद्धान्तिक पद्धतिका समालोचनाहरू परेका छन्। यसमा प्रभावपरक, निर्णयात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, तुलनात्मक तथा भाषापरक प्रवृत्ति पाइन्छ। **सम्पूरक** (सन् २०१४) राईको अन्तिम समालोचना पुस्तक हो। यस पुस्तकमा जम्मा एघारवटा विविध विधा, विषय, प्रकृति र प्रवृत्तिका समालोचनाहरू परेका छन्। **सम्पूरक** भित्रका समालोचनाहरू प्रभाववादी, व्याख्यात्मक तथा तुलनात्मक पद्धति र प्रवृत्तिका छन्।

- **नाटककार इन्द्रबहादुर राई**

इन्द्रबहादुर राईले एकाङ्की र पूर्णाङ्की दुवै क्षेत्रमा कलम चलाएका छन्। सन् १९४५ मा 'प्रधान अध्यापक दिवस' को अवसरमा उनले दसौं श्रेणीमा पढ्दै गर्दा एउटा नाटक लेखेर मञ्चनसमेत गरेको जानकारीसम्म पाइन्छ तर त्यो नाटक उपलब्ध नहुनाले त्यसबारे केही भन्न सक्ने स्थिति छैन। नाटककार राईले सुरुमा एकाङ्कीहरू लेखेका थिए। 'असारको एक दिन' (दियालो, वर्ष, हाँगो १७, जनवरी १९६४), 'ध्वनिहरू' (दीयो, अगस्त १९६८), 'पुष्पमृत्यु', 'विना सेता सुनाखरी' (मालिङ्गो, १९६२-१९७१) र 'प्रौढ शिक्षा' उनका प्रकाशित एकाङ्कीहरू हुन्। **पहेंलो दिन** (सन् २००२) निर्माण प्रकाशन, नाम्ची, सिक्किमबाट प्रकाशित उनको पूर्णाङ्की हो।

आजसम्म उनका पाँचवटा एकाङ्की विभिन्न पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ। उनी नयाँ-नयाँ चिन्तन र प्रयोगको अन्वेषण गर्न रुचाउने नवोन्मेषशालिनी प्रतिभा भएको हुँदा उनका एकाङ्कीहरू प्रयोगात्मक परिपाटीका छन्। 'प्रौढ शिक्षा'-मा पात्रहरूले आफ्नो सुविधाअनुसार संवाद गर्छन्, पात्रहरू पूर्व कपोलकल्पित संवाद नबोलेर आशुक्रियाद्वारा जस्तो घटना र दृश्य बन्दै जान्छ त्यसै अनुरूप यथार्थ व्यक्त गर्दै जान्छन्। यस किसिमको नाट्यशैली फ्रान्सेली नाटकहरूमा प्रयोग गरिएको पाइन्छ। यस्ता

[३७] घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पूर्ववत्, पृ ६३

नाट्यशैलीलाई लक्ष्मण श्रीमलले फ्रान्सेली भाषामा 'कमेडी डीले आर्ट'[३८] भनेका छन्। राईका एकाङ्कीमा ऐतिहासिक दिग्दर्शन, सामाजिक तथा राष्ट्रिय समस्याप्रति व्यङ्ग्यात्मक दृष्टि, वैश्विक चिन्तन आदि प्रकट गरिएको हुन्छ।

**पहेंलो दिन** नाटककार राईको एक मात्र प्रयोगवादी तथा नवीनतम् पूर्णाङ्की हो। नेपाली नाट्य जगत्मा उक्त नाटकको विशेष स्थान र महत्त्व भए पनि मञ्चनका दृष्टिले **पहेंलो दिन** ओझेलमा परेको नाटक हो। राईको **कठपुतलीको मन** कथा सङ्ग्रह र 'झ्याल' कथापछि **लीला लेखन** मा आधारित **पहेंलो दिन** सिर्जनात्मक अन्यतम कृति हो। उक्त नाटकको मूल विषयवस्तु इटाय्ल्यन् सङ्गीतकार ज्यूसप भर्दी (सन् १८१३-१९०१) द्वारा लिखित अमर गीतिनाट्य 'इलत्राभतर' (सन् १८५२) अर्थात् 'इल् तोरोंति' (ओपेरा)-बाट ग्रहण गरिएको बताइन्छ। नाटककार राईले तिनै लेखकका सम्मानमा उक्त नाटक लेखेको थाहा लाग्छ। 'इलत्राभतर' दुःखान्त प्रणय कथामा आधारित गीतिनाट्य हो। लक्खीदेवी सुन्दासका अनुसार **पहेंलो दिन** लीला दृष्टिले विपठन छ। विपठन (मिसरिडिङ) भएसम्म यो विलेखन विनिर्माण पनि छ। उनी यस नाटकलाई 'अब्सःड् नाट्य प्रयोग' मान्छिन्।[३९] ध्वनि, रङ्ग र चित्रकलाको आयामिक प्रभाव एवम् लीला दर्शन **पहेंलो दिन** नाटकमा पाइने मूल विशेषता हो। **पहेंलो दिन** प्रचलित नाट्यविधिभन्दा बेग्लै स्वतन्त्र प्रविधि अपनाएर लेखिएको नाटक हो। विद्यार्थीकालमा सर्वप्रथम नाटक लेखेर साहित्यमा प्रवेश गर्ने इन्द्रबहादुर राईले जीवनकालमा एउटै मात्र नाटक लेखी चिरपरिचित बन्न पुगेका छन्।

- **सम्पादक इन्द्रबहादुर राई**

राईका साहित्यिक व्यक्तित्वमा सम्पादक व्यक्तित्व पनि पर्छन्। उनले पत्रपत्रिका र चारवटा विभिन्न विधाका महत्त्वपूर्ण पुस्तक तथा ग्रन्थादिका सम्पादन गरेका छन् भने छात्रावस्थामा दुईवटा हस्तलिखित पत्रिकाको सम्पादन गरेका छन्। उनले सामाजिक, भाषिक एवम् साहित्यिक सङ्घ-संस्थाहरूसँग आबद्ध रहेर नेपाली समाजलाई योगदान दिने काम गरेका छन्। उनले दार्जिलिङको तुङसुङ भन्ने ठाउँमा सुधा पुस्तकालय (सन् १९४९) स्थापन गरी त्यसै पुस्तकालयको सौजन्यमा 'सुधा' हस्तलिखित पत्रिकाको सम्पादन गरी प्रकाशित गरेको पाइन्छ भने सन्त रोबर्ट स्कूल्मा छँदा 'छात्र' नामक हस्तलिखित पत्रिकाको सम्पादन गरेको पाइन्छ।

---

[३८] लक्ष्मण श्रीमल, सन् १९९६, **भारतीय नेपाली एकांकी**, दिल्ली, साहित्य अकादेमी, पृ १७

[३९] लक्खीदेवी सुन्दास, सन् २००४, **समय र समीक्षणा**, दार्जिलिङ, सुन्दास परिवार, पृ ७

हरेन आलेका अनुसार त्यससमय दार्जिलिङमा हस्तलिखित पत्रिका चलाउने बाढी चलेको थियो।[४०] इन्द्रबहादुर राई भाषा-साहित्य, संस्कृतिप्रति सचेत र चिन्तनशील व्यक्ति भएकाले उनको सम्पादन सामर्थ्य उच्च र बौद्धिक ढङ्गको देखिन्छ।

इन्द्रबहादुर राई साहित्यकारका साथै **आयामेली आन्दोलन** (सन् १९६३) र **लीला लेखन** (सन् १९७७) साहित्यिक आन्दोलनका प्रवर्तक थिए। उनले 'पाश्चात्य साहित्यमा चर्चामा आएको उत्तरआधुनिक चिन्तनलाई पूर्वीय रङ्गसहित नेपाली साहित्यमा भित्र्याउने कार्य गरी नेपाली भाषा साहित्यलाई बौद्धिक उच्चतामा पुऱ्याउन बहुमूल्य योगदान गरेका छन्।[४१]

मृत्युलाई अँगाल्नुभन्दा केही वर्षअघि मात्र उनको 'बुटस्ट्रूयाप थ्योरी' नवीन साहित्यिक प्रस्तावना कालेबुङबाट 'कञ्चनजङ्घा पोस्ट' सामाजिक सञ्जालमा प्रसारित भएको थियो। यसलाई पुनः 'समावेशी' साहित्यिक समूहको मुखपत्र 'समावेशी सिर्जना र सङ्कथन' (सन् २०१९)-मा साभार गरी प्रकाशित गरिएको छ। यस सिद्धान्तलाई प्रस्तावक इन्द्रबहादुर राईले 'बुट' (जुत्ता) 'स्ट्राय्प्' (लेस) थिअरि वा सिद्धान्त तथा 'जुत्ताको लेस सिद्धान्त' वा 'बुट स्ट्राय्प् थिअरि' नाम दिएका छन्। 'बुट स्ट्राय्प् थिअरि' मूलतः चिनी डा च्यू अमेरिकी वैज्ञानिकद्वारा निर्मित सिद्धान्त हो। डा च्यूले यो सिद्धान्त औषधि विज्ञानको क्षेत्रमा प्रयोग गरिएको बताइएको छ। यो सिद्धान्त विज्ञानबाट साहित्यमा भित्र्याउनु पर्ने प्रस्ताव इन्द्रबहादुर राईले दिएको छ। 'बुट स्ट्राय्प् थिअरि' जस्तै साहित्यमा पनि सबै विषय, चिन्तन, अवधारणा, विधालाई बराबर महत्त्व (इम्पॅःटअन्स्) दिएर नेपाली साहित्यमा 'इन्क्लूसिभ्' लेखन थालिनु पर्ने उनको धारणा छ। भारतीय भूमिमा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधानले स्थापना गरेको भाषिक जगलाई अझ समृद्ध बनाउन उनले नेतृत्व गरेको देखिन्छ।

बुहुप्रतिभा इन्द्रबहादुर राईका उपर्युक्त विभिन्न व्यक्तित्वहरूमध्ये उचाइमा पुऱ्याउने क्षेत्र साहित्य हो। वैरागी काइँलाले आख्यान र समालोचना विधाले उनलाई नेपाली साहित्यमा अग्लो उचाइमा स्थापित गरेको छ भनी चर्चा गर्दै आख्यान विधाले उनलाई उत्कर्षमा स्थापित गरेको तथ्य मानेका छन्।[४२] उनले प्रायः छ दशकभन्दा बढी समय साहित्य साधना तथा साहित्य सिर्जनामा रहेर नेपाली साहित्यको अथक सेवा

---

[४०] हरेन आले, सन् २००४, 'श्री इन्द्रबहादुर राई : जीवनी परिचय', रामलाल अधिकारी (सम्पा), **दियालो**, इन्द्रबहादुर राई विशेषाङ्क वर्ष ४३, हाँगो १४०, दार्जिलिङ, सचेन राई, पृ ७०

[४१] सुकुम शर्मा, सन् २००७, **नेपाली भाषा-साहित्यमा आन्दोलन**, कीर्तिपुर, एकेडेमिक बुक सेन्टर, त्रि वि, पृ ८९-९०

[४२] वैरागी काइँला, सन् २०१९, 'इन्द्रबहादुर राईको आज रमिता छ', योगेश लिम्बू (सम्पा), **सिल्लरी**,कालेबुङ, उपमा प्रकाशन,पृ १

गरेका छन्। 'उनको नित्य नवोन्मेषशालिनी प्रतिभासित कुम जोड्ने अर्को समकालीन प्रतिभा देखिँदैन' भनेर घनश्याम नेपालले लेखेका छन्।[४३] यसो हुनाले नेपाली समाज र साहित्यमा आदरका साथ उनलाई कसैले 'दार्जिलिङको शिरोमणि', 'नेपाली साहित्यको एक शिखर', 'प्रबुद्ध चिन्तक', 'मूर्धन्य स्रष्टा', 'प्रेरक प्राज्ञ', 'नेपाली साहित्यको देउराली', 'दार्जिलिङको शिखर पुरुष', 'यथार्थका यदु', 'विचारको बुद्ध' 'एक जीवित संस्था', 'नेपाली समीक्षाका रोलाँबार्थ' भनी सम्बोधन गरेको पाइन्छ। यस्ता बहुमुखी व्यक्तित्व र प्रतिभाको ०६ मार्च, २०१८ मङ्गलवारको दिन साँझ ६ बजी बेलुकी देहावसान भयो।

### ३.३.२ भारत स्वतन्त्र पूर्वका नेपाली कथामा लोक-सांस्कृतिक सन्दर्भ

लोक-संस्कृति लोकवार्ताको एउटा अङ्ग भए पनि यसअन्तर्गत लोकधर्म, लोकनीति वा लोकन्याय, लोककला, लोकव्यवहार -जस्ता कुराहरू पर्दछन् भन्ने हरद्वारी लाल शर्माका भनाइमा पाइन्छ।[४४] भारतीय नेपाली गद्याख्यानका विकासपरम्परालाई पहिल्याएर हेर्दा उक्त लोक-सांस्कृतिक सन्दर्भ कतै न कतै प्रतिविम्बित भएको दृष्टिगत हुन्छ। यसको पछाडि सहज, सरल, प्रकृतिको नजिक, खुलापन, पारस्परिकता, सच्याइ लोक-सांस्कृतिक तत्त्व नेपाली लोकजीवनमा पाइने कारण हुन्, जसको चित्रण-वर्णन नेपाली आधुनिक कथामा धेरै भएको छ। लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली कथाको विकासपरम्परालाई हेर्दा जे ए एटनको **ग्रायम्‌र् अ‍ॅभ् नेपॅलिज् लायङ्ग्विज्** (सन् १८२०) मा समाविष्ट 'मुन्सीको तीन आहान'-लाई आरम्भबिन्दु मानिन्छ। यसो भए पनि स्वतन्त्रता पूर्वको भारतीय नेपाली कथा पत्रपत्रिकामा सीमित रहेको देखिन्छ। 'गोर्खे खबर् कागत्'-मा प्रकाशित पादरी गङ्गाप्रसाद प्रधानका 'सैद् भन्ने मान्छेको रेशमी बुनाईको काम्‌को विषयमां' (सन् १९०९), 'आलिबेन् ओमेर नाउं भयेको मान्छेको ऋण्‌को विषय्‌मा' (सन् १९१०), 'नैटींगेल् अर्थात् मीठो गीत गाउंने चराको विषय' (सन् १९१२), 'बांसको कथाहा' (सन् १९१३), 'एक बटौरे साथी' (सन् १९१६), 'गोर्खाली'-मा प्रकाशित विज्ञान विलासको 'उपन्यास' (सन् १९१५), 'चन्द्रिका'-मा प्रकाशित 'जनधरसेनको वकीलको भाग्य' (सन् १९१८) शीर्षकको पार्वतीद्वारा अनूदित कथा, शेषमणि प्रधानद्वारा अनूदित 'बेलायत यात्रा' (सन् १९१९), 'गोरखा संसार'-मा प्रकाशित लाहुरे उपनामधारी सूर्यविक्रम ज्ञावालीको 'देवीको बली' (सन् १९२६), इष्टको 'वियोग' (सन् १९२६),

---

[४३] घनश्याम नेपाल, सन् १९९६, **रूप र रेखाहरू**, गान्तोक, मुक्ता शर्मा, जनपक्ष प्रकाशन, पृ १३०

[४४] हरद्वारी लाल शर्मा, **लोक-वार्ता विज्ञान**, पूर्ववत्, पृ ९५१-९९५

रूपनारायण सिंहका 'परिवर्तन' (सन् १९२६) र 'अन्नपूर्णा' (सन् १९२७), बेनामी लेखकका 'नरबहादुर गुरुङ' (सन्१९२८), 'विलाप' (सन् १९२८), 'हिन्दू देवी' (सन् १९२९) रामसिंह गोर्खाको 'एउटा गरीब सार्कीकी छोरी' (सन् १९२९) आदि आधुनिक भारतीय नेपाली कथाका विकासमा उल्लेखनीय रचनाहरू हुन्।

उपर्युक्त प्रारम्भिक कथाकारहरूमध्ये भारतमा आधुनिक नेपाली कथाको बीजाङ्कुर रूपनारायण सिंहबाट भएको मानिन्छ। प्रतापचन्द्र प्रधानका अनुसार रूपनारायणका 'परिवर्तन', 'अन्नपूर्णा', 'धनमतीको सिनेमा-स्वप्न' हुँदै 'मिस्टर एच बी ब्यास्नेट'-बाट आधुनिक कथा लेखनले पूर्ण प्रतिष्ठा प्राप्त गरेको हो।[४५] यति मात्रै नभएर देवी पन्थीले पनि नेपाली कथामा आधुनिकताको प्रारम्भ भारतीय नेपाली कथाबाटै भएको हो भन्ने निष्कर्षमा पुगेका छन्।[४६]

उपर्युक्त प्रारम्भिक चरणका आधुनिक नेपाली कथामा एकांश लोकजीवनका रीतिथिति, चाडपर्व, मौखिक, भौतिक लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। उदाहरणार्थ, 'देवीको बलि' कथामा लोकले परम्परागत रूपमा मानेर ल्याएको लोकरीतिरिबाजका रूपमा दसैं हिन्दू महान् पर्वको विवरण प्रस्तुत भएको छ। यसमा समाजको रीतिथिति र परम्परालाई पालन गर्नैं पर्ने बाध्यताको चित्रण भएको पाइन्छ। 'अन्नपूर्णा' कथामा भाकलसम्बन्धी लोकविश्वासको वर्णन पाइन्छ। भाउजू पात्राले देवरले राम्रो नोकरी पाओस् भनी स्वास्थनी व्रतकथा लगाउने भाकल गरेकी र पछि नोकरी पाएको हुँदा पूजा सम्पन्न गरेकी प्रसङ्ग भेटिन्छ। ईश्वर बरालले **भारतीय नेपाली साहित्य र साहित्यकार** मा उल्लेख गरेअनुसार 'देवीको बलि र एउटा गरीब सार्कीकी छोरी' -जस्ता कथामा पनि भारतीय नेपाली समाजको संरचना तथा आर्थिक समस्याको चित्रण भएको भने पाइन्छ।[४७] तीमध्ये गङ्गाप्रसाद प्रधान र विज्ञान विलासका नीति कथाहरू हुन्। यसो भए पनि यी कथाका विषयवस्तु नेपाली लोकजीवनमा केन्द्रित रहेको देखिन्छ। प्रवृत्तिगत दृष्टिले प्रारम्भिक चरणका आधुनिक कथाहरू घटना बाहुल्य रहेका छन्।

यसरी पत्रपत्रिकामा कथाहरू प्रकाशित भएबाहेक भारतीय माटोबाट पहिलो मौलिक पुस्तकाकारमा **कथा-कुसुम** (सन् १९३८) सङ्गृहीत कथाहरूको सङ्गालो नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित हुन्छ। **कथा-कुसुम** मा भारतका एकै जना पनि कथाकार परेका छैनन्। यसो भए पनि स्वतन्त्रता

[४५] प्रतापचन्द्र प्रधान, सन् १९८३, **कथावलोकन**, दार्जिलिङ, दीपा प्रकाशन, पृ १४-१५

[४६] देवी पन्थी, वि सं २०६१, **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक**, नेपाल, आँखा स्वयंसेवी प्रकाशन सङ्घ, पृ ४४

[४७] ईश्वर बराल, सन् १९९८, **भारतीय नेपाली साहित्य र साहित्यकार**, नाम्ची, निर्माण प्रकाशन, पृ १२३

पूर्व भारतीय नेपाली कथाका विकासमा पत्रपत्रिकाको उल्लेखनीय योगदान रहेको देखिन्छ। यस समय धेरैजसो आधुनिक कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन्- 'परिवर्तन'-मा इन्द्र सुन्दासको 'सपनाको सम्झना' (सन् १९३६), 'खोजी'-मा 'गाडावान' (पछि गाड़ीमान, सन् १९४१), 'शारदा'-मा हायमनदास राई 'किरात'-को 'शूरवीर' (सन् १९३४), 'गोरखा संसार'-मा रामप्रसाद ज्ञवालीको 'कलंक' (सन् १९३७), कृष्णचन्द्र अर्यालको 'लुटेको धन फुपूको श्राद्ध' (सन् १९३८), धनबहादुर राईको 'नयन मिलन' (सन् १९३८), हरिप्रसाद गोर्खा राईको 'दुखमय इतिहास' (सन् १९३९), 'खोजी'-मा रूपनारायण सिंहको 'धनमतीको सिनेमा-स्वप्न' (सन् १९४०-४१), 'मिस्टर एच् बी ब्यास्नेट' (सन् १९४०) शिवकुमार राईका 'उदय'-मा 'मानिस' (सन् १९४५-४६) र 'युगवाणी'-मा 'फ्रण्टियर' (सन् १९४७), 'गोर्खा'-मा रत्नकलाम देवानको 'बाँसुरीको धुन' (सन् १९४४), 'उदय'-मा सन्तवीर लिम्बूको 'कलिलो ठिटो' (सन् १९४४), 'गोरखा संसार'-मा भोलानाथ गुरुङको 'भी सी झण्डा' (सन् १९४५), 'गोर्खा'-मा चन्द्रवीर राईको 'कहानी' (सन् १९४५) र भाइचन्द प्रधानको 'स्मरणीय सपना' (सन् १९४६), 'युगवाणी'-मा इन्द्र सुन्दासको 'चामलको महँगी' (सन् १९४७) आदि। भारतीय नेपाली कथाको प्रारम्भिक विकासमा उपर्युक्त पत्रपत्रिकाबाहेक 'गोर्खा मित्र' (सन् १९१२), 'नेबुला' (सन् १९३५), 'गोरखा सेवक' (सन् १९३५), 'गोर्खा' (सन् १९४५), 'उत्थान' (सन् १९४७) आदि पत्रपत्रिकाको भूमिका त्यतिकै प्रशंसनीय छ।

सूर्यविक्रम ज्ञवाली, रूपनारायण सिंहले पृष्ठभूमिका रूपमा खडा गरेको भारतीय आधुनिक नेपाली कथालाई पहिल्याउँदै अनेक कथाकारहरू परवर्ती समयमा देखापर्न पुगे। यस चरणमा हायमनदास राई 'किरात', लैनसिंह वाङदेल, शिवकुमार राई, इन्द्र सुन्दास, भाइचन्द प्रधान, हीराकुमार सिंह, परशुराम रोका, एस एम कार्की, काजीमान कन्दङ्वा, देवकुमारी सिंह, जयवीर सुब्बा, टी डी लेप्चा, केदारनाथ शर्मा प्रवृति कथाकारहरूले भारतीय नेपाली कथालाई गतिशील र विकासका उचाइमा पुऱ्याउन विशेष योगदान दिएका छन्। तीमध्ये 'सिंह-सुन्दास-राई' यस अवधिका प्रतिनिधिमूलक कथाकारत्रय हुन्। प्रवृत्तिगत दृष्टिले स्वतन्त्रतापूर्व भारतीय नेपाली कथा नीतिपरक, उपदेशात्मक, रोमान्टिक र सामाजिक छन् भने शिल्पगत रूपमा वस्तुप्रधान, रेखीय इतिवृत्तात्मक, लाक्षणिक वा विन्यासक्रमिक संरचनाका छन्। यस अवधिका कथाले नेपाली लोकजीवन र युगीन सांस्कृतिक चेतनालाई अङ्कन गरेको पाइन्छ।

### ३.३.३ भारत स्वतन्त्र पछिका नेपाली कथामा लोक-सांस्कृतिक सन्दर्भ

भारत स्वाधीन भएको समय र परिस्थितिसम्म आइपुग्दा आधुनिक नेपाली कथा झ्याँकिएर आइसकेको थियो। यस समय 'सिंह-सुन्दास-राई'-का कथाहरूबाट परवर्ती कथाकारहरू प्रभावित भएर प्रशस्त आधुनिक कथा लेख्न थालिसकेका थिए। देवी पन्थीका अनुसार स्वाधीनतापछि भारतीय नेपाली कथाले आधुनिकताको शिखर छुन पुगेको हो।[४८] स्वतन्त्रता पूर्व मौलिक र केही अनूदित पुस्तकाकार कृति प्रकाशमा आएका भए पनि स्वतन्त्रतापछि दार्जिलिङ, सिक्किम, डुवर्स, पूर्वोत्तर भारतबाट क्रमशः एकपछि अर्को मौलिक कथा-कृति प्रकाशित हुन थाले, जसमा नेपाली साहित्य सम्मेलनबाट विश्वेश्वरप्रसाद कोइरालाको **दोषी चस्मा** (सन् १९४९), रूपनारायण सिंहको **कथा नवरत्न** (सन् १९५०), परशुराम रोकाको **पञ्चामृत** (सन् १९५०), शिवकुमार राईका **फ्रण्टियर** (सन् १९५१) र **यात्री** (सन् १९५६), हायमनदास राई 'किरात' का **चौकीदार** (सन् १९५१), **अभागिनीको साथी** (सन् १९५५), **बिनायो** (सन् १९५६), **विजय** (सन् १९५६) र **बटुवा** (सन् १९५७), जयनारायण गिरीको **कसिंगर** (सन् १९५१), भाइचन्द प्रधानको **षटदल** (सन् १९५२), देवकुमारी थापाका **एकादशी** (सन् १९५४) र **झझल्को** (सन् १९५८), अच्छा राई 'रसिक'-को **सप्तकोशी** (सन् १९५४), एम एम गुरुङको **घर संसार** (सन् १९५८), नरबहादुर दाहालको **बरपीपल** (सन् १९५९), कृष्णचन्द्रसिंह मोक्तानको **प्रेम भ्रान्ति र सत्य** (सन् १९५९), मोहन थापाको **सिपाहीकी स्वास्नी** (सन् १९६०), इन्द्रबहादुर राईको **विपना कतिपय** (सन् १९६१) प्रमुख छन्। त्यस समय लीलबहादुर क्षेत्री, वीरविक्रम गुरुङ, लक्खीदेवी सुन्दास, जी छिरिङ, हरिप्रसाद 'गोर्खा' राई, अगमसिंह गिरी, मनबहादुर गुरुङ, प्रेम थापा, हरिश बम्जन, सुभद्रा सुब्बा प्रभृति कथाकारहरूले फुटकर कथा लेखेर योगदान गरेका छन्।

स्वातन्त्र्योत्तर नयाँ उत्साह शिल्प र नयाँ विषयहरू लिएर आधुनिक कथाहरू लेख्न थालिएको भए पनि छाप्रो, सासूबुहारी, बहुपत्नीत्वको चलन, देवीदेवता, भूतप्रेत, लोकविश्वास आदि लोकजीवनका निकट विषयसित लेखकहरू अक्षुण्ण रहन सकेका छैनन्। धैरैजसो पत्रपत्रिकामा प्रकाशित कथाहरूमा नेपाली लोक-संस्कृति प्रतिविम्बित भएको पाइन्छ। दार्जिलिङबाट प्रकाशित पहिलो कथाप्रधान पत्रिका 'हाम्रो कथा' (वर्ष १ किरण २, असोज १९४९) 'दसैं' अङ्क लोक-सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण छ। उक्त अङ्कमा जम्मा नौवटा कथा समाविष्ट छन्, जसमध्ये अर्चना स्याङ्बोको 'टीका', देवकुमारी सिन्हाको

[४८] देवी पन्थी, **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक**, पूर्ववत्, पृ ४५

'बौलाही', टी डी लेप्चाको 'आजको रात' कथामा चाडबाड, जातिप्रथा, भूतप्रेतसम्बन्धी लोकविश्वासको चित्रण भएको पाइन्छ। 'हाम्रो कथा'-को पछिल्ला अङ्कहरूमा पनि लोकजीवन र लोक-संस्कृति प्रतिविम्बित एकाधिक राम्रा कथाहरू छापिएका भेटिन्छन्, तीमध्ये जगपाल सुब्बाको 'जुँघे बाज्ये', एम सुब्बाको 'लक्ष्मी पूजा', बी बी कुमाईको 'मैले के देखें', 'रसिक'-को 'लोभी बाहुन', एल गिरीको 'भूत के छ?', हर्षबहादुर तामाङको 'वैतरणी', सन्तवीर लिम्बूको 'आइतबारे हाट', रणसिंह सुब्बाको 'भावीको लेखा', धनप्रसाद कुमाईको 'दामसाङ गढ़ीको देवता', के बी राणाको 'पूजा भएन मन्दिरमा', लामाको कथा 'चूँ पनि बोलेनन्' आदि उल्लेखनीय छन्।

साठीका दशकसम्म प्रकाशमा आएका कथाहरूमा विशेष नेपाली लोकजीवनको चित्रण भएको पाइन्छ। रूपनारायण सिंहको कथामा ईश्वरसम्बन्धी आस्था, व्रतबन्ध, जातप्रथा, मीतप्रथा, दानपुण्य आदि लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। त्यस्तै शिवकुमार राईका सबैजसो कथामा 'ग्राम्य लोकजीवनका रीतिथिति, चलन-चाँजो, लोकव्यवहार, लोकभाषा, लोकसंस्कार, लोकविश्वास र मान्यता' प्रतिविम्बित भएको देखिन्छ।[४९] उनका 'स्मृति-चिन्ह', 'टीका', 'साहित्यिक', 'बाबु-छोरा' एकाधिक कथाहरूमा ईश्वरलाई प्रार्थना गरेको, दसैंमा लिङ्गे पिङ खेलेको, निधारमा टीका टाँसेको, माघे सग्राँतीमा फापरको पिठोको फुलौरा बनाएको, झाँक्रीले मोच मारेको, बिमारीको उपचारका निम्ति झाँक्री लाएको, लोग्नेस्वास्नी नङमासुझैं मिलेको, भालुको पित्त र दुम्सीको आन्द्रा-भुँडी खाएर उपचार गरेको प्रसङ्ग पाइन्छ। यी कथाहरूले नेपाली लोकजीवनलाई कलात्मक बान्कीमा उतार्न सकेका छन्। 'रसिक'-का कथाहरूमा हास्य, उटपट्याङ उक्ति, उखान, वाग्धारा औ टुक्काका माध्यमबाट स्थानीय राजनीतिक लबस्तऱ्याइँ, जातीय समस्या, बानी-बेहोरा इत्यादि लोक-सांस्कृतिक सन्दर्भ प्रस्तुत भएकाले उनका कथा लोकजीवनको निकट रहेको छ। पूर्वोत्तर भारतमा रहेर नेपाली भाषाको सेवा गर्ने हरिप्रसाद 'गोर्खा' राईका 'दिनान्तका एक जोर पंक्षी', 'कमाने केटी', 'वैरागी आश्रम' -जस्ता कथाहरूमा जातप्रथा, जोगीको प्रसङ्ग, वाग्दत्ताको प्रसङ्ग, सपना र प्रार्थनासम्बन्धी लोकविश्वास, भगवान्प्रति आस्था आदि लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। हायमनदास राई 'किरात'-को प्रायः कथामा नेपाली ग्राम्य लोकजीवनको पारिवारिक चित्रण भएको पाइन्छ। कृष्णराज घतानीका अनुसार कुनै न कुनै प्रकारले कथाकार किरातले लोकतत्त्वको उपादानलाई आफ्ना कथाहरूमा संलग्न गराएकै भेटिन्छन्। उनका 'चौकीदार', 'प्रतिशोध', 'मेरी घरकी' -जस्ता कथाहरूमा

[४९] राजकुमार छेत्री, **सिर्जनाको समावलोकन**, पूर्ववत्, पृ १९

ग्राम्य र लोकजीवनका झाँकीलाई सजीव रूपमा चित्रित गरेका छन्।[५०] एम एम गुरुङ नेपाली लोक-संस्कृतिविद् हुन्। उनको **घर संसार** भित्रका कथाहरूमा नेपाली लोक-सांस्कृतिक परिवेश, लोक प्रचलित रीति र लोकभाषाको कलात्मक प्रयोग गरिएको पाइन्छ।[५१] लीलबहादुर क्षेत्रीका 'मुंगाको चोलो', 'बेसाहा', 'किपट', 'त्यो ढाक्रेको कुदाइ' आदि कथाहरूमा नेपाली लोकजीवन र तिनको शैली प्रस्तुत भएको पाइन्छ भने बी बी लकान्द्रीका 'दशैंको टीका', 'गमबहादुरको कोट', 'हिउँ परेका रातले जन्माएका कुराहरू', आमा घर फर्किनन्, उनी मरेका छैनन् -जस्ता कथाहरूमा दसैं, तिहारमा मादल घन्केको, माघे सग्राँतीको दिन मकर नुहाएको, मराउपराउमा मलामीहरूलाई गहुँत र सगुन पानीले चोख्याइएको, बिहेबटुलको प्रसङ्गमा दही-ठेकी, चरापेरुङ्गो, जन्ते बाख्रो आदि उल्लेख पाइन्छ। जी छिरिङ, डिल्लीराम तिमसिना, पदमकुमार गजमेर, देवकुमारी सिंह, पासाङ गोपार्मा प्रभृति कथाकारका कथामा पनि ग्राम्य लोकसंस्कार र लोकपरिवेश रेखाङ्कित भएको पाइन्छ। 'भारती' -मा प्रकाशित रामप्रसाद लामाको 'वर्ष दिनको चाड़' नेपालीहरूको दसैंलाई लक्ष्य गरेर लेखिएको सांस्कृतिक कथा हो। यिनीहरूका हाँचमा देखापर्ने इन्द्रबहादुर राई नेपाली साहित्य जगत्का शिखर कथाकार हुन्। उनका कथाको विवेचनीय पक्ष एउटा लोकतत्त्व हो। त्यसैले उनका कथाकारितामा विम्बित लोकपरिवेश सामान्य र सूक्ष्मदेखि लिएर व्यापक र स्थूल रूपमा पाउन सकिन्छ भनेर कृष्णराज घतानीले लेखेका छन्।[५२]

साठीपछि सत्तरी र असीका दशकमा आइपुग्दा भारतीय आधुनिक नेपाली कथाले अझ विकास गरी अघि बढेको देखिन्छ। एकातिर ईश्वरबल्लभ, इन्द्रबहादुर राई र वैरागी काइँलाले नेपाली साहित्यमा आयामिक चिन्तनको नौलो क्षितिज उघारी दिन्छन् भने अर्कातिर इन्द्रबहादुर राईको **लीला लेखन** पूर्वीय दर्शनमा आधारित नितान्त नौलो साहित्यिक वाद देखा पर्छ। यस अवधिलाई विद्वान्हरूले भारतीय नेपाली साहित्यका उत्थानमा युगान्तकारी र घटनाबहुल अवधि मानेका छन्। नयाँ र पुराना पुस्ताका असङ्ख्य कथाकारहरू र तिनका कथा-कृति यस समयमा प्रशस्त देखा परेका छन्। शिल्पशैली र प्रयोगका दृष्टिले पनि यस समयका कथाहरू परिमार्जित र विकासशील रहेको देखिन्छ। नब्बेका दशकदेखि यता भारतीय नेपाली कथा शिवकुमार राई, इन्द्रबहादुर राई, वीरविक्रिम गुरुङ, शरद छेत्री, असीत राई, सानु लामा, अर्जुन निरौला

[५०] कृष्णराज घतानी, सन् २०१०-११, 'किरातीय कथाहरूमा लोकतात्त्विक परिप्रेक्ष्य', विकाश कार्की (सम्पा), **परदेशी**, वर्ष १२, अङ्क ११, सलुवा, अगमसिंह गिरी संस्थान, पृ ३८

[५१] कृष्णराज घतानी, **नेपाली जर्नल**, पूर्ववत्, पृ १५७

[५२] कृष्णराज घतानी, **नेपाली जर्नल**, पूर्ववत्, पृ १५५

प्रभृति कथाकारहरूकै लेखन परिपाटीमा उत्साहित भएर अघि बढेको देखिन्छ।

इन्द्र सुन्दासको **रानी खोला**, इन्द्रबहादुर राईका **कथास्था** र **कठपुतलीको मन**, वीरविक्रम गुरुङको **अमरक्षण**, असीत राईका **वसन्त राग** र **दश दिशा**, हर्क योञ्जन 'विरही'-को **शेष उपहार,** लक्खीदेवी सुन्दासको **आहात अनुभूतिका**, समीरण छेत्री 'प्रियदर्शी'-का **स्मृति** र **असफल चित्राकार**, प्रकाश 'कोविद'-को **चोट र रेखा**, गाब्रियल राणाको **आहुति**, पूर्ण राईको **सिमलको भुँवा**, रामलाल अधिकारीको **आफै जन्मिनेहरू**, बद्रीनारायण प्रधानको **सङ्गत**, शरद छेत्रीका **बिम्बहीन प्रतिबिम्ब** र **बाईस धारा**, विक्रमवीर थापाको **वीशौं शताब्दीको मोनालिसा**, थीरूप्रसाद नेपालका **उकाली ओह्राली**' र **अर्को देशको मान्छे**, मोहन ठकुरीको **मेरो अँगालोको रात**, सानु लामाका **कथा सम्पद** र **मृगतृष्णा**, शिवकुमार राईका **खहरे**, **बडाडिनर** र **शिवकुमार राईका सात कथाहरू**, मटिल्डा राईको **टोटोलाको फूल**, अर्जुन निरौलाका **एउटा रात बितेपछि** र **साँझ सँगसँगै**, माया ठकुरीका **गमलाको फूल** र **नजुरेको जोडी**, सानु भाइ शर्माको **ऊ हाँसेको दिन**, विन्द्या सुब्बाका **कथाक्रम**, **हस्पिस** र **शीतलहर**, प्रदीप गुरुङका **असुरक्षित**, **बिरिमफूल** र **बैरी माया**, गुप्त प्रधानका **मान्छे मान्छेको बस्तीभित्र** र **विराम चिन्ह**, पेम्पा तामाङको **कालो भारी**, धन निर्दोष सुब्बाको **निर्बाध उज्यालाहरू**, सञ्जय विष्टका **शब्दान्त**, **अस्ताचलतिर** र **जुन जस्तै घाम**, उदय थुलुङका **विकल्प** र **एकान्तवास**, प्रवीण राई 'जुमेली'-का **आत्मदंश** र **ऋतु खेल,** खुसेन्द्र राईको **खुर्मी** आदि यस अवधिका उल्लेखनीय कथा-कृतिहरू हुन्। महानन्द पौड्याल, नन्द हाङ्खिम, जीवन थिङ, धनवीर पुरी, शंकर सुब्बा 'फागो', भीम दाहाल, इन्द्रबहादुर गुरुङ, प्रेम प्रधान, सम्पूर्णा राई, भीम 'सन्तोष', रूद्र पौड्याल, के बी नेपाली, प्रेम थुलुङ, गहर 'उदासी', भविलाल लामिछाने, आई के सिंह, कालुसिंह रनपहेंली, उपमान वस्नेत, लोकनाथ उपाध्याय, कमला आँशु, शम्शेर अली, सतीश रसाइली, प्रकाश हाङखिम, नीना राई, साङ्मु लेप्चा, युवा बराल, सूरज धड्कन, सञ्जीव छेत्री, नीरज थापा, सन्ध्या आचार्य, निरङ्कर थापा आदि यस अवधिका उल्लेखनीय आख्यानकारहरू हुन्।

लगभग छ दशकको आधुनिक भारतीय नेपाली कथाले विभिन्न प्रयोग, शिल्पसंरचना, वाद र प्रवृत्ति ग्रहण गरेका भए पनि कुसंस्कार, रूढि र अन्धविश्वास, मूल्य मान्यता एवम् धर्म, लोकपरम्परा, कुरीतिप्रति विरोध भाव प्रस्तुत गर्दै आएका कुरा अविनाश श्रेष्ठले लेखेका छन्।[५३] त्यसो हुनाले यस

[५३] अविनाश श्रेष्ठ, वि सं २०६४, **आधुनिक भारतीय नेपाली कथा**, काठमाडौं, साझा प्रकाशन, पृ ३८

अवधिका कथाहरूमा नेपाली लोकजीवन र स्थानिक परिवेशको चित्रण भएको पाइन्छ। इन्द्र सुन्दासले आफ्नै भेकका सहर, गाउँ, गोठ, बस्ती औ कमानमा बस्ने नेपालीहरूको सजीव चित्रण गरेका छन्। ईश्वर बरालका अनुसार सुन्दासले स्थानीय नेपालीहरूको पुर्ख्यौली संस्कार औ कुलाचार, परम्परागत सांस्कृतिक विशेषता, रीतिथिति, चाडपर्व, मनोरञ्जन, धार्मिक विश्वास, पूजापाठ, मूल्य मान्यता, जीवनदर्शन आदि आफ्ना कथामा प्रस्तुत गरेका छन्।[५४] कृष्णसिंह मोक्तानका कथामा पनि दार्जिलिङको आञ्चलिक नेपाली लोकपरिवेशको प्रस्तुति पाइन्छ। उनका कथामा वर्गभेद जातपात, परम्परागत सामाजिक संस्कार वा रीतिथिति, कुसंस्कार आदि लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। सिक्किम वरिपरिका सेरोफेरोलाई कथ्य बनाएर त्यहाँको आञ्चलिक लोकजीवनको चित्रण गर्ने विशिष्ट कथाकार सानु लामाका 'पैयुँ फुलेको दिन', 'स्वास्नी मान्छे', 'कमला', 'सम्पत्ति', 'पाहुना', 'साइनो' -जस्ता कथाहरूमा आञ्चलिक लोकजीवनको राम्रो चित्रण गरिएको पाइन्छ भने मादल, मुरली -जस्ता लोकबाजा, माघे मेला, माघे सग्राँती, लोकविश्वास, देवीथानको दर्शन, झार्लाङ्गी प्रथा, उखान-टुक्काको प्रयोग, मितेरी साइनो, अन्त्येष्टि संस्कार, सेलरोटी, गुन्द्रुक, किनेमा, सिद्रा इत्यादि जातीय लोकखाद्यको प्रसङ्ग चित्रित पाइन्छ। बद्रीनारायण प्रधान मूलतः प्रगतिवादी कथाकार हुन्। उनका कथामा निम्नवर्गीय लोकजीवनका विविध समस्याको यथार्थ चित्रण भएको पाइन्छ। उनको 'शिकारको रहर' कथामा डुवर्स भेकमा बसोवास गर्ने आदिवासी समुदायको सामाजिक-सांस्कृतिक संस्कार, रीतिथिति, मूल्य मान्यताको चित्रण हुनाले यसमा लोक-संस्कृतिको समावेश पाइन्छ। गुप्त प्रधान वस्तु र पात्र चयन आञ्चलिक लोकजीवनबाट गर्न रुचाउने कथाकार भएकाले उनका 'एउटा नयाँ छोरोको प्रतीक्षा' र 'तर्पण'-जस्ता कथामा लोकविश्वास, कर्मकाण्ड, रीतिथिति, संस्कार चित्रित भएको पाइन्छ। राजकुमार छेत्रीका अनुसार लक्खीदेवी सुन्दासका एकाध कथामा भने नेपाली जातिका विविध रीतिरिबाज, परम्परागत मूल्य मान्यता, लोकविश्वास तथा नैतिक दृष्टिकोणको दृष्टान्त प्रस्तुत भएकाले लोक-संस्कृतिको छाप पाइन्छ।[५५] प्रदीप गुरुङ मध्यमवर्गीय लोकजीवनको वास्तविकता प्रस्तुत गर्ने कथाकार हुन्। उनका कथामा ग्राम्य र नागर दुवै लोकजीवनको चित्रण भएको पाइन्छ। जीवन नामदुंगले डुवर्स भेकबाट ओझलमा परेका कथाकार चन्द्रवीर प्रधानले डुवर्स क्षेत्रका चियाबारीमा नेपालीहरूको स्थिति र त्यहाँका नेपाली र अन्य जातिबिच पाइने सांस्कृतिक सम्बन्ध, नेपाली संस्कारसित

---

[५४] ईश्वर बराल, **भारतीय र नेपाली साहित्य साहित्यकार**, पूर्ववत्, पृ ३४

[५५] राजकुमार छेत्री, सन् २०१३, **कृति आलोकन**, नागरी, मनमाया प्रकाशन, पृ २३

अविच्छिन्न रूपले जोडिएका कतिपय रीतिथिति, परम्परा र संस्कारलाई आफ्ना कथाहरूमा चित्रण गरेका हुनाले लोकजीवनको अभिव्यक्ति पाइन्छ भनी लेख्छन्।[५६]

मटिल्डा राई शसक्त कथाकार हुन्। उनको **माई ड्याडी** भित्रका कथामा लोकतत्त्वको एकांश चित्रण पाइन्छ। नयाँ पुस्ताको कथाकार सञ्जय विष्टको **जुन जस्तै घाम** कथा सङ्ग्रहमा लोक-सांस्कृतिक तत्त्व अनुप्रयुक्त छ। उनका 'कथाकारका आँखा', 'जुनजस्तै घाम', 'दुर्गाको दिल', 'दाकका चोटहरू' -जस्ता कथामा चेलीमाइतीको प्रसङ्ग, न्वारन, लोकविश्वास, अन्तर्जातीय विवाह प्रथा एवम् विवाहसंस्कार इत्यादि चित्रण भएको छ। युवा कथाकार सूरज धड्कनको **भूतको रङ्ग** कथामा पनि एकांश भूतसम्बन्धी लोकविश्वास पाइन्छ। स्वातन्त्र्योत्तर आधुनिक भारतीय नेपाली कथा यथार्थवादी, प्रगतिवादी, नवस्वच्छन्दतावादी, प्रयोगवादी, फ्रायडवादी, नारीवादी हुँदै आज बहुलवादी र सर्वसमावेशी अवधारणासित अघि बढिरहेको पाइन्छ।

### ३.३.४ भारत स्वतन्त्र पूर्वका नेपाली उपन्यासमा लोक-सांस्कृतिक सन्दर्भ

सदाशिव शर्माका **महेन्द्रप्रभा** (सन् १९०६) र **सुन्दरी भूषण** (सन् १९०६), विज्ञान विलासको **डाक्टर सूर्यप्रसाद** (सन् १९१५), प्रशमान प्रधान (पारसमणि प्रधान) का अनूदित **हिरण्यमयी चरित्र** (सन् १९१५), **राधारानी** (सन् १९१६) र मौलिक भनी अनुमान गरिएको प्रतिमानसिंह लामाको **महाकाल जासूस** (सन् १९१८)-जस्ता उपन्यासपरम्पराबाट थालिएको भारतीय नेपाली उपन्यासको आधुनिक प्रतिष्ठा रूपनारायण सिंहको रोमान्टिक उपन्यास **भ्रमर** (सन् १९३६) बाट भयो। **भ्रमर** देखि **आज रमिता छ** (सन् १९६४) छापिनु अघिका भारतीय नेपाली उपन्यास कथानकप्रधान परिपाटीका छन्। रोमान्टिक कालमा स्वच्छन्दतावादी, यथार्थवादी, अतियथार्थवादी र जीवन चरित्रात्मक प्रवृत्तिका उपन्यासहरू देखापर्छन्। असीत राईको भनाइमा रूपनारायणको **भ्रमर** ले पाश्चात्य साहित्यको रउमायन्टिक परम्पराको शिलान्यास गरेर नेपाली समाजलाई एक शताब्दीअघि पुऱ्याएको हो।[५७] यसो भए पनि माथिका उपन्यासहरूले वाङ्देलको औपन्यासिक संरचनाको सौष्ठव प्राप्त गर्न नसकेको र वाङ्देलको औपन्यासिक

---

[५६] जीवन नामदुंग, सन् १९९२, **पर्यवेक्षण**, दार्जिलिङ, श्याम ब्रदर्स, पृ १७४

[५७] असीत राई, सन् २००४, **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ १४०

नेतृत्वलाई चुनौती दिन पनि नसकेको कुरा प्रतापचन्द्र प्रधानले अघि सारेका छन्।[५८]

घनश्याम नेपालका अनुसार साँचो अर्थमा नेपाली उपन्यासको आधुनिक रूपको प्रतिष्ठा र प्रवर्तन **भ्रमर** बाट भएको हो।[५९] रूपनारायणले **भ्रमर** र **बिजुली** दुईवटा उपन्यासहरू लेखेका भए पनि **बिजुली** को जम्मा आठ परिच्छेद 'भारती' पत्रिकामा धारावाहिक छापिएर बन्द भएकाले यो अपूर्ण छ। **भ्रमर** मा दार्जिलिङ, कलकत्ता, आसाम, बनारस र बर्मामा बसोवास गर्ने मध्यमवर्गीय नेपाली लोकजीवनको चित्रण छ। यसमा पात्रले बातचित गर्दा 'क्या नाम' थेगो प्रयोग गरेको र 'सतीको आवेदन देवताका घरमा कहिल्यै व्यर्थ हुँदैन' आदि लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। उनको अधुरो भए पनि **बिजुली** उपन्यासमा सन्तानविहीन रामचरण र रत्नादेवीले बिजुलीलाई धर्मपुत्री ग्रहण गर्ने इच्छा प्रकट गर्दा समस्याका कारण बिजुलीले धर्मपुत्री बस्न मानेकी छैन। धर्मपुत्रीको प्रसङ्गमा लोकधर्म प्रतिविम्बित हुनाले यसमा लोक-संस्कृतिको आभास पाइन्छ।

### ३.३.५ भारत स्वतन्त्र पछिका नेपाली उपन्यासमा लोक-सांस्कृतिक सन्दर्भ

रूपनारायणको **भ्रमर** प्रकाशमा आएको लगभग बाह्र वर्षपछि लैनसिंह वाङ्देलका **मुलुक बाहिर** (सन् १९४८), **माइतघर** (सन् १९५०) र **लङ्गगडाको साथी** (सन् १९५१) उपन्यासले वास्तविक जीवनको यथार्थका विषयलाई प्रस्तुत गर्ने कार्य गरेको हो। तापनि अच्छा राई 'रसिक'-को **लगन** (सन् १९५५), शिवकुमार राईको **डाक बंगला** (सन् १९५७), लीलबहादुर छेत्रीको **बसाइँ** (सन् १९५७), इन्द्र सुन्दासको **मंगली** (सन् १९५८), कृष्णसिंह मोक्तानको **चरणधुली** (सन् १९५९), नारदकुमार छेत्रीको **वियोगी** (सन् १९६३), व्यथित सिपाहीको **म विवश छु** (सन् १९६३) उपन्यास रूपनारायणकै औपन्यासिक आदर्शमा केन्द्रित देखिन्छन्।

वाङ्देलको **मुलुक बाहिर** मा नेपाल पहाड खण्डबाट मुगलान पस्ने निम्नवर्गीय नेपाली लोकजीवनको चित्रण पाइन्छ। उपन्यासमा पाइने मुर्चुङ्गा, बिनायो, डोको नाम्लो, थुन्चे, जुवारी, मालसिरी, देउसी-भैलो, मुजेत्रो, सिन्की-गुन्द्रुक र 'रिस खा आफू बुद्धि खा अर्का' -जस्ता उखानको प्रयोगले नेपाली लोकजीवनको मूल्य मान्यता, व्यवहार र रहनसहनलाई प्रस्तुत गर्छ। उनको **माइतघर** मा 'म भागिनीको

---

[५८] प्रतापचन्द्र प्रधान, सन् १९८३, **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ, दीपा प्रकाशन, पृ १३७

[५९] घनश्याम नेपाल, सन् २००३, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पुनर्मुद्रण, सिक्किम, जनपक्ष प्रकाशन, पृ १०१

पुर्पुरो रहेनछ' -जस्ता संवादमा भाग्यसम्बन्धी लोकविश्वास प्रस्तुत भएको पाइन्छ।

'रसिक'-को उपन्यासमा दार्जिलिङको नागर र ग्राम्य नेपाली लोकजीवनमा पाइने छुवाछुत प्रथा, भूतप्रेत, शकुन-अपशकुन, लगन, धामीझाँक्री, रीतिथिति, मारुनी, गुन्युचोलो, मुन्द्री, मादल, नौमती बाजा आदि लोक-सांस्कृतिक प्रस्तुति पाइन्छ। साथै राई जातगोष्ठीमा प्रचलित बिहे रीतिबारे चित्रण भएको पाइन्छ। शिवकुमार राई र इन्द्र सुन्दासका उपन्यासमा पनि दार्जिलिङको नेपाली लोकजीवन, तिनको लोकविश्वास, रीतिथिति, चाडपर्व, लोकउपचार विधि प्रस्तुत भएको पाइन्छ। लीलबहादुर क्षेत्री, कृष्णसिंह मोक्तान, नारदकुमार छेत्री र व्यथित सिपाहीका उपन्यासमा पनि दार्जिलिङ, डुवर्स, मलाया र सुदूर पहाड खण्ड नेपालको ग्राम्य र नागर नेपाली लोकजीवनको सांस्कृतिक प्रस्तुति पाइन्छ।

सन् १९६४ मा एकभन्दा धैरै उपन्यास लेखिएका पाइन्छन्। अच्छा राई 'रसिक'-को **दोभान** (सन् १९६४), इन्द्रबहादुर राईको **आज रमिता छ** (सन् १९६४), नन्द हाङ्खिमको **लाश** (सन् १९६४), प्रकाश 'कोविद'-को **सङ्गम** (सन् १९६४), नरबहादुर दाहालको **मध्यरातको तारा** (सन् १९६४), कृष्णसिंह मोक्तानको **अशेष यात्रा** (सन् १९६४) आदि। तीमध्ये इन्द्रबहादुर राईको **आज रमिता छ** को प्रकाशन आधुनिक भारतीय नेपाली उपन्यासपरम्परामा युगान्तकारी मोड हो। यस उपन्यासको प्रकाशनकालदेखि नै नेपाली उपन्यासको क्रमिक विकासयात्राले नवीन प्रयोगवादी औपन्यासिक मोड प्राप्त गर्दछ। प्रतापचन्द्र प्रधानले यस उपन्यासलाई 'आधुनिक नेपाली उपन्यास जगत्मा क्रान्ति'[६०] मानेका छन्। मानव जीवनको विसङ्गत पक्षलाई उतार्ने यस उपन्यासमा दार्जिलिङको चियाकमान र नागर लोकजीवनको लोकरीतिरिबाज, लोकविश्वास, रहनसहन, भाषा, लोकशिल्प आदि लोक-सांस्कृतिक प्रस्तुति भएको पाइन्छ। यो समय लेखिएका उपन्यासहरूमा नेपाली लोकजीवनका विविध सांस्कृतिक विषय प्रतिविम्बित भएको भेटिन्छ।

प्रयोगकालका केही उल्लेखनीय औपन्यासिक कृतिहरूमध्ये रवीन्द्रकुमार मोक्तानको **दुई पात एक सुइरो** (सन् १९६५), लीलबहादुर क्षेत्रीको **अतृप्त** (सन् १९६८), के बी नेपालीका **मेरो घर मेरो संसार** (सन् १९६५) र **समर्पण** (सन् १९६६), असित राईका **अस्तित्वको खोज** (सन् १९६६), **त्यो हिमाल यो जीवन** (सन् १९६६), **समाप्ति एउटा युग एउटा संसार** (सन्१९६७) र **ढुङ्गा एक जीवन** (सन्

---

[६०] प्रतापचन्द्र प्रधान, सन् २०१४, 'भारतीय नेपाली उपन्यास परम्परा : संक्षिप्त रूपरेखा', दिलकुमार प्रधान (सम्पा), **आधुनिक भारतीय नेपाली उपन्यास**, वीरपाडा कलेजको पक्षमा ने सा प्र स, पृ १४

१९६८), वीरेन्द्र सुब्बाको **मूल सडकतिर** (सन् १९६८), जी छिरिङको **युद्ध र शान्ति** (सन् १९६८), प्रकाश 'कोविद' का **अर्को जन्म** (सन् १९६९) र **नोयो** (सन् १९६८), हरिश बमजनको **सोकेसभित्रको जिन्दगी**, (सन् १९६८) समीरण छेत्री 'प्रियदर्शी' का **बलिवेदी** (सन् १९७०) र **पोखिएको जिन्दगी** (सन् १९७१), सुवासको **मने** (सन् १९७०), गङ्गा कप्तानका **निर्दयी** (सन् १९७०), **जिउँदो लाश** (सन् १९७० र **महत्त्वहीन कुमारीत्व** (सन् १९७३), नन्द हाङ्गखिमको **अर्को अनुहार** (सन् १९७१), अर्जुन निरालाका **शिशिरको बतास** (सन् १९७१) र **घाम डुबेपछि** (सन् १९७६), इन्द्र सुन्दासको **नियति** (सन् १९७२), हर्क योञ्जनको **दुइ मुहान एक स्रोत** (सन् १९७२), रामलाल अधिकारीको **फेरि गुँडतिरै** (सन् १९७४), गुप्त प्रधानको **विस्थापन** (सन् १९७४) आदि नाम लिन सकिन्छ। यी उपन्यासमा दार्जिलिङको चियाकमानमा बसोवास गर्ने निम्नवर्गीय नेपाली लोकजीवनको समस्या, शोषण, दमन र यातना, बसाइँ सरेर हिँड्ने नेपालीहरूको नियति औ विभिन्न सामाजिक र आर्थिक समस्याको चित्रण भए पनि मोक्तानको **दुई पात एक सुइरो** उपन्यासमा विभिन्न प्रकारका लोकविश्वास, चाडपर्व, रीतिथिति, धामीझाँक्रीको प्रसङ्ग, लोकउपचार विधि आदि सांस्कृतिक चित्रण भएको पाइन्छ। सुवासको **मने** उपन्यासमा पनि चियाकमानका लोकजीवनले बडादसैं खुबै हर्षोलाससँग रमाइलो गरेर मनाएको चित्रण प्रस्तुत छ। उनको **फूलमाया** उपन्यासमा नेपालीहरूको जातीय हतियार खुकुरीको महत्त्व, लोककौशल, रीतिथिति, लोकविश्वास र लोकव्यवहार चित्रित पाइन्छ। दार्जिलिङको चियाकमानलाई कार्यपीठिका बनाएर लेखिएको 'कोविद'-का एकाध उपन्यासमा नेपाली लोकजीवनको आस्था-विश्वास, चाडपर्व आदि प्रतिविम्बित भएको पाइन्छ।

यस कालका उपन्यासमा मनोविश्लेषण, अस्तित्ववादी चिन्तन, विसङ्गतिबोध र व्यङ्ग्य चिन्तन नै मूलभूत विशेषता रहेका छन्। घनश्याम नेपालका अनुसार रउमायून्टिक कालका उपन्यासमा पाइने कथानक र घटना विवरणको प्रधानताको साटो यहाँ आएर पात्रहरूबिचको र अझ बढी पात्रको स्वयम्सँगको अन्तरविरोध र अन्तरद्वन्द्व नै धेरैजसो उपन्यासमा पाइन्छ, जसले गर्दा यी उपन्यासहरू चरित्रप्रधान र विश्लेषणात्मक बनेका छन्। साथै यस अवधिका उपन्यासहरूमा विचारतत्त्व र चिन्तनगत प्रयोगधर्मिता बढी पाइन्छन्।[६१]

उत्तर-प्रयोगकालमा देखापरेका उपन्यासहरूमध्ये पिटर जे कार्थकको **प्रत्येक ठाउँ : प्रत्येक मान्छे** (सन् १९७७), शिवकुमार राईका **जुनेली रेखा** (सन् १९७९) र **सहारा** (सन् १९९५), शरद छेत्रीका

[६१] घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पूर्ववत्, पृ २०४

**अनुनाद** (सन् १९८०), **घात-प्रतिघात** (सन् १९८३), सुवास दीपकको **अभिषेक** (सन् १९८०), असित राईका **यन्त्रणा** (सन् १९८०) र **नयाँ क्षितिजको खोज** (सन् १९८०), राधाकृष्ण शर्माको **भन्न नसकेका कुराहरू** (सन् १९८३), विक्रमवीर थापाका **विगतको परिवेशभित्र** (सन् १९८३) र **टिस्टादेखि सतलजसम्म** (सन् १९८६), लीलबहादुर क्षेत्रीको **ब्रह्मपुत्रका छेउछाउ** (सन् १९८६), तुलसीराम कश्यपको **सङ्कल्प** (सन् १९८८), मत्स्येन्द्र प्रधानका **नीलकण्ठ** (सन् १९८४) र **आरोहण** (सन् २००८), भगीरत रावतका **बास सल्किरहेछ** (सन् १९८१) र **माटो बोल्दो हो** (सन् २००७), विन्द्या सुब्बाका **फूलहरू, पहाडहरू, धर्साहरू** (सन् १९८६), **अथाह** (सन् १९९९), **निर्गमन** (सन् २००६) र **सीमान्त** (सन् २०१६), पुष्पा राईको **भोलिको प्रतीक्षामा** (सन् १९९०), भीम दाहालका **अभीष्टको खोज** (सन् १९९२), **द्रोह** (सन् २००२) र **विद्रोह** (सन् २००५), बद्रीनारायण प्रधानको **मौली** (सन् १९९३), ललित परियारको **माटाको मोल** (सन् १९९७), सानु लामाको **हिमालचुली मन्तिर** (सन् १९९८), लोकनाथ उपाध्याय चापागाईँको **आँधी** (सन् १९९९) प्रेम प्रधानका **उदासीन रूखहरू** (सन् १९९९) र **प्रयोगको मेसिन** (सन् २००९), हायमनदास राई 'किरात'-का **होय च्याङ्बा** (सन् २००४) र **कुण्डल** (सन् २०१२), एम डि कार्कीको **सिँहासन** (सन् २००६), शंकरदेव ढकालको **कालो भारी** (सन् २००८), शान्ति थापाको **मोहनी डक कम** (सन् २००९), प्रदीप गुरुङको **पोस्टर र लात** (सन् २०१०), रूद्र पौड्यालको **टिस्टा बगीरहेछ** (सन् २०१४), इन्द्रमणि दर्नालको **अर्ध-विराम** (सन् २०१३), छुदेन काविमोको **फातसुङ** (सन् २०१८), लेखनाथ छेत्रीको **फुलाङ्गे** (सन् २०२१) र मुन्नु गौतमको **पर्वत सोमरा र गोम्बेहरू** (सन् २०२१) उल्लेखनीय छन्। तीमध्ये स्वरूप संरचना र शैलीका दृष्टिले प्रदीप गुरुङको **पोस्टर र लात** (सन् २०१०) सूत्रात्मक औपन्यासिक कृति हो। यस उपन्यासले समकालीन भारतीय नेपाली साहित्यमा प्रचलित लेखन परिपाटीलाई ठेस लगाएर सूत्र लेखन भित्र्याएको पाइन्छ। परम्परादेखि हटेर प्रदीप गुरुङले उत्तरआधुनिक विचारको समर्थन गर्दै आजका मान्छेको जीवन-अनुभवलाई अत्यन्त सार अनि दुस्साहस रूपमा यस उपन्यासमार्फत चित्रण गर्ने प्रयास गरेका भए पनि यसभित्र नेपाली लोकजीवनले संस्कारका रूपमा मानिल्याएका भूतप्रेत, ईश्वर, पापधर्म, सपनासम्बन्धी विश्वास, अध्यात्म, व्रत, सिकार, अन्त्येष्टि संस्कार, वनझाँक्री लोकविश्वास र आस्थाले स्थान पाएको छ।

यी उपन्यासहरूमा पूर्वोत्तर भारतमा बसोवास गर्ने नेपालीका अवस्था, तिनको सामाजिक, सांस्कृतिक स्थिति, सिक्किम, दार्जिलिङ र डुवर्सका नेपाली लोकजीवनको चित्रण, तिनको लोकरीतिरिबाज

र रहनसहन, चियाखेतीको प्रारम्भिक इतिहास र हट्टाबाहर प्रथा, ब्रिटिश्कालमा सडक बनाउँदा ढुवाङ् तान्दै गाउने गीत, सिक्किमको राजनीतिक इतिहास, झारलाङ्गी प्रथा इत्यादि विषय प्रमुख रहेका छन्। तीमध्ये लीलबहादुर क्षेत्रीको **ब्रह्मपुत्रका छेउछाउ** उपन्यासमा नेपालीका विभिन्न जातीय ढङ्गको लोकमान्यता, चाडपर्व, कला, संस्कार र सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक विषयको वर्णन गरिएको छ साथै असमियाँ लोकपरम्परा र संस्कृतिका रूपमा विद्यमान माघे बिहु र बैसाखे रङ्गाली बिहु -जस्ता पर्व धुमधामले मनाउने गरेको दृश्य प्रस्तुत गरिएको छ। आसामको नेपाली लोकजीवन र लोक-सांस्कृतिक वैशिष्ट्यलाई उपन्यासमा कलात्मक ढङ्गमा यसरी उतारिएको छ-

> 'आसामे जनजीवनको मूल स्रोतसितै नेपाली जनजीवन गाभिए तापनि यिनले नेपाली परम्परा र संस्कृतिका चोखो निर्वाह गरेका छन्। यहाँ मौलाको पूजा हुन्छ, गोठको धूप हालिन्छ, बूढी बज्यू पुजिन्छिन्, योगीले फेरी लाउँछन्, धाँमीझाँक्रीहरू मधौरुको चिन्ता बस्छन्। चाडपर्व, दशैंतिहार, बिहेबुटुलमा चिउरा कुटिन्छ, फिलुङ्गे र तिलको अचार बन्छ, सेलरोटी पाक्छन्, बोहोता, दुना, टपरा गाँसिन्छन्। बिहेबटुलमा नौमती बाजा बज्दछन्, कसार बटारिन्छ, राति मण्डपमा सिलोके, कविते र खाँडो जगाउनेहरूमा होजबाजी चल्छ, नारीहरू बेउलाको घर रतेली खेल्छन्। तीज, तिहार, पूजाव्रतादिमा नारीहरू सँगिनी गाएर जाग्राम बस्छन् भने गोठमा बस्ने पुरुषकण्ठबाट राति सिलोक सुन्नु सामान्य कुरा मानिन्छ।' (पृ ४९)

त्यस्तै हायमनदास राई 'किरात'-को पुनर्जन्मको रहस्यात्मक लोक दार्शनिक पृष्ठभूमिलाई मूल विषयवस्तु बनाएर लेखिएको **कुण्डल** उपन्यासमा तिब्बती, नेपाली र आदिवासी तीन जातिका लोकदर्शन साथै कबीर धार्मिकपन्थीहरूको आस्था र विश्वास, नेपाली लोकजीवनमा प्रचलित भूतप्रेत, टुनामुना, पितृ, तीर्थव्रत, दानपुण्य र झाँक्रीकर्मको वर्णन, तिब्बती जातगोष्ठीमा बिहे गरेर ल्याएकी बुहारीलाई लोग्नेका घरबाट उल्टो दाइजोका रूपमा सम्पत्ति दिनुपर्ने प्रथा, आदिवासी समाजमा प्रचलित जातीय विभेद र छुवाछुत -जस्ता रूढि संस्कारको चित्रण गरिएको पाइन्छ। भीम दाहालको **अभीष्टको खोज** उपन्यासमा वर्ग, लिङ्ग, सामाजिक अनि धार्मिक मदभेदका कारण समाजमा नारीको दयनीय अवस्थालाई खुबै कलात्मक रूपले प्रकाश पारिएको छ। लोक-सांस्कृतिक दृष्टिले प्रस्तुत उपन्यासमा 'सामाजिक संस्कार र व्यवस्थाले नारीहरूमा पार्ने

प्रभावलाई इतिवृत्तात्मक रूपमा प्रस्तुत गर्न सकेको छ।'[६२] यसै गरी **दुइ पात एक सुइरो**, **यन्त्रणा**, **नयाँ क्षितिजको खोज**, **जुनेली रेखा**, **बास सल्किरहेछ**, **माटोको माया**, **दुइ मुहान : एक स्रोत** -जस्ता उपन्यासहरूमा जातीय संस्कार-संस्कृतिको अतिरिक्त दार्जिलिङकै माटोसितै हुर्किएको राजनीतिक चेतनाको बीजारोपण भएको छ। जीवन नामदुंगका अनुसार राजनीतिक चेतनाको बिन्दु यहीँको भूगोल, इतिहास, अर्थनीति, उद्योगधन्दा, व्यवसाय उत्पादन र उत्पादकता -जस्ता विषयसित अभिन्न रूपले सम्बन्धित देखिन्छ।[६३]

उत्तर-प्रयोगकालका उपन्यासमा आधुनिकतावादी लेखनलाई उत्तरआधुनिकतावादी लेखनद्वारा प्रतिस्थापित गर्ने प्रयास भएको पाइन्छ। घनश्याम नेपालका अनुसार आधुनिकतावादको एक ध्रुवीय तथा सरल रेखीय स्वभावबाट आफ्नो लेखनीलाई बाहिर ल्याइ व्यङ्ग्य, वक्रोक्ति, बहुकेन्द्रीयता तथा विरोधाभासपूर्ण संरचना प्रदान गर्ने उद्योग गरिएको पाइन्छ।[६४] राजनीतिक चेतना, प्रगतिवादी चिन्तन, मनस्तात्त्विक अन्त: वेदना, नारीचेतना, यौन, युद्धकथा, श्याम व्यङ्ग्य आदि यस उत्तर-प्रयोगकालका उपन्यासहरूमा पाइने प्रवृत्तिगत विशेषताहरू हुन्।

## ३.४ निष्कर्ष

प्रस्तुत अध्यायमा आधुनिक भारतीय नेपाली गद्याख्यानमा केन्द्रित भई लोक-संस्कृतिको सर्वेक्षणात्मक अनुशीलन गर्ने काम गरियो। यसो गर्न अघि नेपाली गद्याख्यानको स्वरूपलाई पनि संक्षेपमा चिन्ने र चिनाउने काम भएको छ। सोही क्रममा आधुनिक भारतीय नेपाली कथा र उपन्याससम्बद्ध नेपाली लोक-संस्कृतिको सर्वेक्षणात्मक अध्ययनलाई भिन्नाभिन्नै खण्डमा विभाजन गरी कालक्रमिक रूपमा गरिएको चर्चाबाट पाइएका तथ्यहरूलाई निष्कर्षका रूपमा निम्नलिखित बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ-

- 'गद्य' र 'आख्यान' शब्दले कथा र उपन्यासलाई बुझाउँछन्। गद्य छन्द र लयको औपचारिक बन्धन नभएको पद्यभन्दा भिन्न शैली हो भने आख्यान कथानकको शृङ्खला भएको कल्पित

---

[६२] पुष्कर पराजुली, शरद्-शिशिर २००१-०२, 'समकालीन नारीवादी आलोचनाका सन्दर्भमा अभीष्टको खोज', मोहन पी दाहाल र अन्य (सम्पा), **नेपाली जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ, मधुसूदन बिष्ट, पृ १११

[६३] जीवन नामदुंग, शरद्-शिशिर २००१-२, 'समकालीन नेपाली उपन्यासमा राजनैतिक चेतना', मोहन पी दाहाल र अन्य (सम्पा), **नेपाली जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ, मधुसूदन बिष्ट, पृ ८२

[६४] घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पूर्ववत्, पृ २४०

वर्णनात्मक इतिवृत्त हो। कथा र उपन्यास दुवै आख्यान विधाभित्र पर्ने र दुवैका शैली गद्यात्मक हुने हुनाले यसलाई गद्याख्यान भनिएको हो।

- वैदिक युगमा पौराणिक मिथक कथाहरू पद्यमा लेखिएको पाइन्छ। त्यससमय पद्यको तुलनामा गद्यलाई तिरस्कारको भावले हेर्ने गरिएको थाहा लाग्छ। **वैदिक संहिता**, **ब्राह्मण ग्रन्थ**, **उपनिषद्** का दार्शनिक सिद्धान्तहरू गद्यशैलीमा रचिएका छन्। नेपाली आख्यान साहित्यमा गद्य लेखनपरम्परा सबैभन्दा पुरानो प्रचलन रहेको देखिन्छ। 'सत्संगको वर्णन भएको कथा' र 'राज प्रपञ्चको व्यहोराको एउटा षिसा' आदि प्राचीन आख्यानात्मक गद्यहरू हुन्।
- **रामायण**, **महाभारत** तथा **उपनिषद्** का पौराणिक आख्यानहरूबाट प्रभावित भएर **बृहत्तकथा**, **पञ्चतन्त्र**, **हितोपदेश**, **बृहतकथा मञ्जरी**, **जातक कथाहरू** लेख्ने काम भएको र यसै धरातलबाट आधुनिक नेपाली गद्याख्यानको थालनी र विकास भएको देखिन्छ।
- समान्तर गुणका दृष्टिले कथा र उपन्यास गद्य आख्यानात्मक विधा हुन् तर संरचनाका दृष्टिले परस्पर भिन्न र स्वतन्त्र उपविधाहरू हुन्। कथालाई बढाएर उपन्यास बनाउन सकिँदैन अनि उपन्यासलाई छोट्याएर कथा हुँदैन। यसैले गद्याख्यानअन्तर्गत पर्ने कथा र उपन्यास आफैमा पूर्ण र मौलिक विधाहरू हुन्।
- भारतीय आधुनिक नेपाली साहित्यको प्रतिष्ठा रूपनारायण सिंहका 'परिवर्तन', 'अन्नपूर्णा', **भ्रमर**, र **कथा नवरत्न** बाट भयो भने दार्जिलिङबाट प्रकाशित प्रथम सङ्गृहीत कथा सङ्कलन **कथा-कुसुम** आधुनिक कथापरम्पराको विकासमा उल्लेखनीय कृति हो। यसै पृष्ठभूमिबाट इन्द्रबहादुर राईको साहित्यिक यात्रा आरम्भ भएको देखिन्छ।
- भारतीय नेपाली गद्याख्यान परम्पराको विकासमा 'उपन्यास तरङ्गिणी' (सन् १९०२), 'सुन्दरी' (सन् १९०६), 'माधवी' (सन् १९०८), 'चन्द्र' (सन् १९१४), 'गोर्खाली' (सन् १९१४) 'गोरखा संसार' (सन् १९२७), 'हाम्रो कथा' (सन् १९४९) 'कञ्चनजङ्घा' (सन् १९५७), 'अञ्जलि' (सन् १९५९), 'साहित्य-सङ्गम' (सन् १९५९)-जस्ता पत्रपत्रिकाहरूको उल्लेखनीय योगदान रहेको देखिन्छ।
- अध्ययनबाट थाहा लागेअनुसार आधुनिक भारतीय नेपाली गद्याख्यानको विकासमा रूपनारायण

सिंहको बहुमुखी योगदान रहेको छ। नेपाली आख्यान साहित्यमा आधुनिकताको शङ्खघोष गर्ने पहिलो आख्यानकार पनि तिनै हुन्। उनकै रउमायन्टिक परम्पराबाट थालिएको आधुनिक नेपाली गद्याख्यान पछि स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, अतियथार्थवादी, आयामवादी, विसङ्गतिवादी, लीलावादी, मनोविश्लेषणवादी, अस्तित्ववादी, प्रगतिवादी र सूत्र लेखन प्रवृत्ति एवम् आधुनिक शिल्पसंरचना र नवीन लेखनप्रणालीलाई आत्मसात् गरेर विकसित बनेको कुरो थाहा लाग्छ।

- पहिलो भारतीय नेपाली मौलिक उपन्यास सदाशिव शर्माको **महेन्द्रप्रभा** (सन् १९०६) हो। विज्ञान विलासको **डाक्टर सूर्यप्रसाद** (सन् १९१५), प्रशमान प्रधानका **हिरण्यमयी चरित्र** (सन् १९१५) र **राधारानी** (सन् १९१६), प्रतिमानसिंह लामाको **महाकाल जासूस** (सन् १९१८) आदि उल्लेखनीय औपन्यासिक कृतिहरू हुन्। यी औपन्यासिक कृतिहरूमा नेपाली लोकजीवनको छाप अङ्कित भएको पाइन्छ।
- आधुनिक भारतीय नेपाली गद्याख्यानमा दार्जिलिङ, सिक्किम, डुवर्स र पूर्वाञ्चल भारतको नेपाली लोकजीवन र तिनको लोकरीतिरिबाज, विभिन्न लोकविश्वास, रहनसहन, कलाकौशल, लोकव्यवहार, लोकभाषा, पारिवारिक जीवन, जातीय जीवन, लोकव्यवसाय र न्यायप्रणाली आदि लोक-सांस्कृतिक पक्ष कही विशिष्ट र कही सामान्य रूपमा चित्रित भएको पाइयो।
- दार्जिलिङको नेपाली लोक-संस्कृति अन्य ठाउँका नेपाली लोक-संस्कृतिभन्दा भिन्न र विशिष्ट रहेको कुरा माथिका आख्यानहरूको सर्वेक्षणबाट थाहा पाइन्छ। सामाजिक उत्सवलाई पनि पर्वकै रूपमा पालन गर्ने दार्जिलिङका नेपाली लोकजीवनको झाँकी भारतीय नेपाली गद्याख्यानहरूमा प्रस्तुत भएको छ।  प्रत्येक वर्ष भानुजयन्ती धुमधामसँग पालन गर्ने परम्पराको अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ।
- संसारका प्रत्येक जातजातिमा लोकविश्वास, छुवाछुत प्रथा कायम छ भन्ने कुरा माथिका कतिपय कथा र उपन्यासमा देखिन्छ। छपडी, माघे बिहु र बैसाखे रङ्गाली बिहु, परशुराम कुण्डको प्रसङ्ग, कुलपूजा, गोठपूजा, बूढीबज्यूको पूजा, डाँङ्गरिया र भाङ्गको पूजाको चित्रणले आसामेली नेपाली लोक-सांस्कृतिक परिप्रेक्ष्यलाई प्रस्तुत गरेको छ। दसैं नेपालीहरूको धार्मिक, सांस्कृतिक पर्व मात्र नभई यसको भावनात्मक महत्त्व पनि छ भन्ने कुरा शिवकुमार राईको 'टीका' कथामा

पाइन्छ।

- ३ फेब्रुअरी, १९२७ मा जन्मेर ०६ मार्च, २०१८ मा स्वर्गारोहण भएका इन्द्रबहादुर राईले प्रायः छ दशकसम्म साहित्यिक यात्रा निरन्तर राखी नेपाली साहित्यको सेवा गरेका छन् भने नेपाली साहित्यमा साहित्यिक आन्दोलनको अभियन्ता भएर योगदान गरेका छन्। छात्रावस्थादेखि कलम चलाएर आउने उद्यमशील निरन्तर नव्यताधर्मी राईले काव्यबाहेक जम्मा अठारवटा कथा, उपन्यास, समालोचना, निबन्ध, दैनिकीय, नाटक आदि विभिन्न विधाका मौलिक कृतिहरू दिएका छन्। यसो भए पनि सर्जक राई नेपाली साहित्यमा आख्यानकारका रूपमा बढी चिनिन्छन्।
- नेपाली साहित्यमा अग्लो उचाइमा स्थापित गरेको सर्जक राईलाई नेपाली समाज र साहित्यमा 'दार्जिलिङको शिरोमणि', 'नेपाली साहित्यको एक शिखर', 'प्रबुद्ध चिन्तक', 'मूर्धन्य स्रष्टा', 'प्रेरक प्राज्ञ', 'नेपाली साहित्यको देउराली', 'दार्जिलिङको शिखर पुरुष', 'यथार्थका यदु', 'विचारको बुद्ध' 'एक जीवित संस्था', 'नेपाली समीक्षाका रोलाँबार्थ' जस्ता पदवीले सम्मान गरेको पाइन्छ।